# अध्याय : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्ष (नेपा. शि. ५९८) को आवश्यकता पूर्तिको लागि तयार गरिएको हो ।

## १.३ पृष्ठभूमि

भाषा विचार विनियमको माध्यम हो । सामाजिक सम्पर्कको प्रभावशाली माध्यमका रूपमा रहेको भाषा सञ्चारको सशक्त माध्यम पनि हो । सुनेर, पढेर, बोलेर वा लेखेर जुनसुकै माध्यमले होस् समाजमा भाषिक व्यवहारको अन्तरक्रिया भइरन्छ । भाषाका माध्यमले आफूले चाहेका जुनसुकै भाव, विचार, इच्छा, वस्तु कार्यबारे अभिव्यक्ति दिन त्यसलाई बुझ्न सकिन्छ । भाषाले आफ्नो अस्तित्वलाई सधैं सामाजिक सन्दर्भसँग गाँसेको हुन्छ । शिक्षित, अशिक्षित, उच्चवर्ग, निम्नवर्ग जस्ता सामाजिक उपवर्गमा भाषिक प्रयोगको अन्तर पाइन्छ । भाषा कुनै नौलो वस्तु होइन । भाषा समाजद्वारा पिढी, परपिढी हुँदै प्राप्त हुने वस्तु हो । भाषा अपरिचित विषय होइन बरु यो हरेक मान्छेको परिचित विषयको रूपमा रहेको हुन्छ ।

सञ्चार क्षेत्रमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भाषाभन्दा पृथक रहेको देखिन्छ । समाचार पत्रमा प्रयोग हुने भाषाको स्वरूप पनि आफ्नै किसिमको हुन्छ । समाचारमूलक पत्रिकामा पनि विभिन्न स्तम्भ वा भागहरू हुन्छन् । समाचार पत्रमा समाचार, फिचर, सम्पादकीय, विज्ञापन कार्टुन आदि शीर्षक स्तम्भहरू मिलाउनु पर्छ । विभिन्न स्तम्भहरूमा फरक फरक भाषाको प्रयोग फरक हुन्छ । राजनीतिक समाचार, खेलकुद समाचार, सूचनामूलक समाचार आदिमा प्रयोग गरिने भाषा आफ्नै स्वरूपको हुन्छ । प्रस्तुत अध्ययनमा

लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयको भाषालाई विषयगत भाषाका रूपमा लिएर यसको अध्ययन गरिएको छ (शर्मा, २०६७ : २) ।

## १.४ समस्या कथन

अनुसन्धानका निम्ति छनौट गरिएको कुनै पनि अनुसन्धेय विषय वस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । चयन गरिएको शोध शीर्षक अन्तर्गत मुख्य मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्या कथन हो । शोध कार्य समस्यामा केन्द्रीत भई त्यसैको समाधानतिर अगाडि बढ्दछ (शर्मा र लुइटेल २०५२:५२) । उल्लिखित शीर्षकको सापेक्षतामा रहेर भन्नुपर्दा लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन नै यस शोध कार्यको समस्याको विषय बनेको छ ।

सम्पादकीय स्तम्भ जुनसुकै पत्रिकामा पनि रहन्छ । सम्पादकीय पत्रिकाको स्थायी स्तम्भ पनि हो । प्राय : सम्पादकीयमा समसामयिक विषय वस्तु वा घटनाका सम्बन्धमा प्रकाशन संस्थाको नीति वा विचार व्यक्त गरिन्छ । सम्पादकीयलाई पत्रिकाको मुख्य सिद्धान्त पनि भनिन्छ । सम्पादकीयमा समस्यामूलक लेख लेख्न पाइदैन । यो छोटो स्पष्ट र समसामयिक हुनु पर्दछ ।

नेपाली भाषामा आधुनिकीकरणको प्रयासहरू भएपनि भाषाको प्रयोगको सन्दर्भमा मानक रूपको निर्धारण भइसकेको छैन । फलस्वरूप नेपाली समाचार पत्रहरूमा भाषाको प्रयोगमा विविधता रहेको पाइन्छ । जसको कारण समाचार पत्रहरूमा आफ्नै ढाँचा, रूचि र इच्छाले भाषाको प्रयोग गर्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषालाई समस्याका रूपमा लिई अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन विशेष गरी लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको निम्न लिखित समस्यामा केन्द्रीत भई तयार गरिएको छ :

क) लमजुङ खबर दैनिकका सम्पादकीयहरू कस्तो विषय वस्तु, ढाँचा, शैली र शीर्षकमा संरचित भएको छ ?

ख) स्रोत र संरचनाको आधारमा कस्ता शब्द भण्डारको प्रयोग भएको छ ?

ग) वाक्य संरचनाको आधारमा कस्ता स्वरूप र वाक्यकोटिको आधारमा कस्ता वाक्यहरू प्रयोग भएका छन् ?

घ) शिक्षणीय दृष्टिले सम्पादकीयमा प्रयुक्त भाषाको उपयुक्तता कस्तो रहेको छ ?

## १.५ शोध कार्यको उद्देश्य

कुनै पनि शोध कार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूको प्रमाणित तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधपत्रमा प्रस्तावित अध्ययन कुन कुन उद्देश्य राखेर गर्न खोजिएको हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान गर्नुभन्दा पहिले त्यसको उद्देश्य किटान गर्नु पर्छ । बिना उद्देश्य कुनैपनि काममा सफलता प्राप्त गर्न सकिदैन । जुनसुकै अध्ययन अनुसन्धान पनि उद्देश्य अनुसार नै अगाडि बढेको हुन्छ र अनुसन्धान समस्यासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ । प्रस्तुत शोधपत्रको अध्ययनको उद्देश्य लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीय स्तम्भमा प्रयुक्त भाषाको शैली, शब्द भण्डार, वाक्यका प्रकार वाक्य कोटिहरूको अध्ययन हो । जसलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) लमजुङ खबर दैनिक पत्रिकाको विषय वस्तु शैली र शीर्षकको, अध्ययन गर्नु,

ख) संरचना र स्रोतका आधारमा शब्द भण्डार केलाउनु,

ग) वाक्य संरचनाको स्वरूप र वाक्यकोटिको पहिचान गर्नु,

घ) शैक्षणिय दृष्टिले सम्पादकीयमा प्रयुक्त भाषाको उपयुक्तता निर्क्योल गर्नु ।

## १.६ अध्ययनको औचित्य

शोधपत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नु नै शोधको औचित्य हो । यसमा सम्बन्धित शोधकार्यका प्राज्ञिक तथा अनुसन्धानात्मक आवश्यकता र उपयोगितामाथि प्रकाश पार्नु पर्छ र आफ्नो शोधकार्य सम्पन्न भइसकेपछि त्यसबाट क कसलाई कुन कुन पक्षमा के कस्तो लाभ उपलब्धि वा सहयोग पुग्न सक्छ । सो बारेमा उल्लेख गर्नु पर्छ (अवस्थी, २०६४: ३९) ।

यस अध्ययनले खास गरी नेपाली समाचार पत्रसँग सम्बन्धित विभिन्न पक्षलाई बढी महत्त्व दिन सक्छ । यस अध्ययनले विद्यार्थी वर्गलाई भाषा संयोजन, शब्द भण्डार, व्याकरण आदि पक्षको बारे ज्ञान आर्जनमा सहयोग पुऱ्याउँछ । शिक्षकलाई आधिकारिक पाठ्य सामग्रीको रूपमा यसको प्रयोग गरी शिक्षण गर्न, व्याकरणिक ज्ञान आर्जन गर्न र पत्र पत्रिकाको बारे ज्ञान दिन सहयोग पुऱ्याउँछ । पत्रपत्रिका अध्येतालाई यस अध्ययनले पत्र पत्रिकामा विशुद्ध र सामान्य व्यक्तिको पहुँचको भाषा हुँदा सहज अध्ययनमा सहयोग पुऱ्याउँछ । पत्रपत्रिकाको क्षेत्रमा लागेका पत्रकारहरूलाई सम्पादकीयमा कस्ता शीर्षक राख्ने,

कुन ढाँचा र शैलीमा सम्पादकीय लेख्ने भन्ने विषयमा सहयोग पुऱ्याउनेछ । यस अध्ययनले पत्रपत्रिकामा प्रयोग गरिने भाषा विशुद्ध हुनु पर्ने बताउँदै सम्पादकलाई पत्रपत्रिकाको सम्पादन गर्दा हुने झन्झटबाट केही मुक्त हुन सहयोग पुऱ्याउने छ र पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रममा समाचारपत्र सम्बन्धि विषय वस्तु समेट्न र पाठकलाई समाचार पत्र सम्बन्धी ज्ञान दिन सहयोग पुऱ्याउँछ । भाषा शैलीको विश्लेषण, शब्द भण्डार, वाक्य कोटि र संरचना पक्षको जानकारी लिनका साथै सामान्य भाषा र सञ्चारको भाषाबिचको भिन्नता र सम्पादकीयको भाषाको जानकारी लिने सम्बन्धित सबैलाई यो अनुसन्धान उपयोगी हुनेछ ।

## १.७ अध्ययनको सीमा

लमजुङ खवर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन शीर्षकको शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनसँग सम्बन्धित गरिएको छ ।

ख) प्रस्तुत अध्ययनमा लमजुङ खबर दैनिक पत्रिकाका वि.स. २०६८ कार्तिक महिनाको २० गते आइतबारदेखि २०६८ साल फागुन १० गतेसम्मको प्रत्येक हप्ताको आइतबारको सम्पादकीयलाई लिइएको छ ।

ग) निम्न लिखित आधारमा मात्र लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयको भाषामा अध्ययन गरिएको छ ।

सम्पादकीय संरचना- विषय वस्तु, शैली र शीर्षक

शब्द भण्डार - संरचनाका आधारमा (व्युत्पन्न र अव्युत्पन्न) स्रोतका आधारमा .
(तत्सम, तद्भव र आगन्तुक)

वाक्यका प्रकार - सरल, संयुक्त र मिश्र

काल - भूत र अभूत

पक्ष - सामान्य, पूर्ण, अपूर्ण र अभ्यस्त

वाच्य - कर्तृ, कर्म र भाव

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

## २ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध रूपले समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । अनुसन्धान गर्दा आफ्नो अध्ययन क्षेत्रसँग सम्बन्धित यसअघि भएका कार्यहरूको अध्ययन गर्नु पर्छ । पूर्वकार्यको अध्ययन पछि मात्र आफ्नो कार्यबारे स्पष्ट पहिचान हुनुका साथै अध्ययन व्यवस्थित हुन्छ ।

सञ्चार माध्यम तथा समाचार पत्रहरूका विषयमा केही मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । यसमा पनि पत्रपत्रिकामा प्रयुक्त भाषाको अध्ययन भने खासै धेरै भएको पाइँदैन । त्यसमा पनि सञ्चारको भाषा सम्बन्धी अध्ययन नेपाली भाषा शिक्षा विभाग अन्तर्गत जे जति भएका छन् ती पर्याप्त नहुन सक्छन् तर समाचार पत्रको विज्ञापन, कार्टुन, खेल समाचार, निमन्त्रणा पत्र तथा सम्पादकीयको जस्तो विभिन्न स्तम्भहरूमा प्रयुक्त भाषा सम्बन्धी अध्ययन कम मात्रामा भएका छन् ।

प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित विगतमा गरिएका अध्ययनका प्रयासहरूलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । सञ्चार क्षेत्रमा प्रयोग हुने नेपाली भाषाको अध्ययनमा भएका कार्यहरू निम्न लिखित रहेका छन् :

कक्षपति (२०३८-२०४०), द्वारा 'विज्ञापनको नेपाली भाषा' शीर्षकमा अध्ययन गरिएको छ । नेपाली विज्ञापनको भाषालाई विशुद्ध पार्ने उद्देश्यले यो अनुसन्धान गरिएको हो । वि.सं. २०३९ सालमा प्रकाशित मधुपर्क, गरिमा, रूपरेखा र गोरखा पत्रजस्ता विभिन्न ९ वटा पत्रिकामा छापिएका विज्ञापनलाई नमुनाको रूपमा लिइएको छ । उक्त अनुसन्धानमा नेपाली विज्ञापनको स्थिति भाषिक प्रयोग, व्यवहारिक कोटि, वाक्य गठन, पद समूह, पद संरचना र विज्ञापनको सिद्धान्त सम्बन्धी चर्चा गरिएको छ । यस अनुसन्धानमा भाषा प्रयोगशाला विधिलाई प्रयोग गरिएको छ । यस अनुसन्धानले विज्ञापनको नेपाली भाषामा देखा परेका कमी कमजोरी हटाई शुद्ध बन्न सक्नेछ । यस अनुसन्धान अलि सानो क्षेत्रमा गरिए पनि गहिरो रूपमा गरिएको छ ।

अधिकारी (२०५७), द्वारा 'नेपाली भाषाको प्रयोगमा देखा पर्ने केही त्रुटिहरू' शीर्षकमा लघु अनुसन्धान गरिएको छ । यस अनुसन्धानका दुष्टिले भएका त्रुटिहरू, एकाइ प्रक्रियागत त्रुटिहरू, स्रोतगत स्वरूपगत र जटिलतागत त्रुटिलाई समावेश गरिएको छ । भाषिक एकाइका दृष्टिले भएका त्रुटिहरू अन्तर्गत उच्चारणगत, लिपिगत, वर्ण विन्यासगत, रुपगत, पदावलीगत, वाक्यगत, अर्थगत, सङ्कथनगत त्रुटिलाई समेटिएको छ । सिकाइ प्रक्रियागत त्रुटिहरू अन्तरर्गत अपूर्ण सिकाइगत अति सामान्यीकरण, सरलीकरणगत त्रुटिलाई समावेश गरिएको छ । स्वरूपगत त्रुटिमा लोप सम्बन्धी त्रुटिलाई समावेश गरिएको छ । यस अनुसन्धानको मूल उद्देश्य नेपाली भाषाको प्रयोगमा देखा परेका त्रुटिहरू न्यूनीकरण गर्ने रहेको छ । यस अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय दुवै विधिको प्रयोग गरिएको छ । यस अध्ययनले नेपाली भाषा प्रयोगका कमी कमजोरी हटाई विशुद्ध नेपाली भाषाको प्रयोगमा सहयोग पुऱ्याउने देखिन्छ । यस्ता अध्ययन नेपाली भाषाको क्षेत्रमा हुन सके नेपाली भाषा प्रयोगमा विशुद्धता आउने कुरामा दुई मत छैन ।

घिमिरे (२०५७), ले 'प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाको शीर्षकहरूको अध्ययन' नामक शीर्षकमा नेपाली केन्द्रित विभागको मातहतमा रही शोध तयार पारेका छन् । हाम्रो दैनिक प्रयोगको भाषा र समाचार पत्रको भाषामा समानता पत्ता लगाउनु शुद्धता र सरलताको ख्याललाई ठम्याउनु आदि उद्देश्य राखी २०४५ बैशाखदेखि चैतसम्म प्रत्येक महिनाका ५९ वटा पत्रिकाका शीर्षकहरूको मात्र अध्ययन गरेको पाइन्छ । यस अध्ययनमा प्रयोगशाला विधि प्रयोग गरिएको छ । यस अध्ययनले समाचार पत्रको शीर्षक उपयुक्त र समसामयिक हुनु पर्ने बताउँछ । साह्रै सानो क्षेत्रमा अध्ययन गरिएकाले यसले धेरै क्षेत्रमा सहयोग पुऱ्याउन नसक्ने देखिन्छ ।

ढकाल (२०६२), द्वारा 'अखबारमा आर्थिक समाचारको विषय वस्तु र क्षेत्र' मा रत्न राज्यलक्ष्मी क्याम्पस पत्रकारिता विभाग स्नातकोत्तर तहको शोधपत्रको रूपमा तयार पारिएको छ । प्रस्तुत शोधपत्रमा कान्तिपुर र गोरखा पत्रमा प्रकाशित आर्थिक समाचारको तुलनात्मक अध्ययन गरिएको छ । यस अनुन्धानमा आर्थिक समाचारका विषय वस्तु के कस्ता र कुन क्षेत्रबाट बढी मात्रामा लिन सकिने भनेर अध्ययन गरिएको छ । यस अध्ययनमा प्रयोगशाला विधिको प्रयोग गरिएको छ । यस अध्ययनले अखवारमा आर्थिक समाचारको विषय वस्तु र क्षेत्रलाई स्पष्ट पार्ने काम गरेको छ । कान्तिपुर र गोरखा पत्र दुवै

पत्रिकाको अध्ययन गरिएकाले यस अध्ययनमा आर्थिक समाचारको विस्तृत व्याख्या गरिएको छ ।

बराल (२०६४), द्वारा 'नेपाली समाचार पत्रहरूमा पाइएको वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको शोधपत्रका लागि तयार पारिएको यस अध्ययनमा काठमाडौँबाट प्रकाशित चार वटा नेपाली दैनिक समाचार पत्रहरू गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोस्ट र नयाँ पत्रिकाका सात दिनका सात वटा अङ्कहरूलाई समावेश गरिएको छ । प्रस्तुत शोधपत्रमा तत्सम शब्दलाई तत्सम रूपमा नै लेख्ने र तद्भव र आगन्तुक शब्दलाई नेपालीकरण गरी लेख्नु पर्नेमा कतिपय स्थानमा यसो नगरिएको तत्सम, पञ्चम वर्णको प्रयोग गर्नु पर्नेमा नगर्ने, गरेपनि अनियमित रूपमा गरिएको, चन्द्रविन्दुको प्रयोग नगरिएको, पदयोग र पद वियोग प्रयोगमा त्रुटि भएको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा मिश्रित विधिको प्रयोग गरिएको छ । यस अध्ययनको मूल उद्देश्य वर्ण विन्यास सम्बन्धी त्रुटिहरू निराकरण गरी समाचार पत्रलाई विशुद्ध पार्ने रेहेको छ । यस्तो अध्ययन हुन सके धेरै पत्रिकाको वर्ण विन्यास सम्बन्धि त्रुटिमा न्यूनीकरण हुने कुरामा दुई मत छैन ।

ढुङ्गाना (२०६६), द्वारा 'नेपाली दैनिक समाचारहरूमा प्रयुक्त भाषाको  अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको शोधपत्रका लागि तयार पारिएका यस अध्ययनमा राजधानीबाट दैनिक रूपमा प्रकाशित हुने तिन वटा नेपाली दैनिक समाचार पत्रहरू गोरखा पत्र, कान्तिपुर र अन्नपूर्ण पोस्टलाई समावेश गरिएको छ । यस अध्ययनमा प्रत्येक पत्रिकामा १०/१० अङ्कलाई समावेश गराइएको छ । उक्त पत्रिकाका समाचर खण्डका नदोहोरिएका शब्दहरूको सङ्कलन गरी शब्दहरूलाई शब्दकोशीय वर्णानुक्रम अनुसार तालिकामा स्रोत खुलाई पत्रिकामा भएका वर्ण विन्यासगत त्रुटिहरूलाई केलाउने र समाचारको प्रस्तुतीकरणको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय विधि मिश्रित रूपमा प्रयोग गरिएको छ । यस अध्ययनको मूल उद्देश्य पत्रिकाहरूमा के कस्ता भाषा प्रयोग गर्दा पत्रिका विशुद्ध, स्तरीय र लोकप्रिय बन्न सक्छ ? भन्ने रहेको छ । यस अध्ययनले नेपालमा वर्तमान राष्ट्रिय पत्रिकाहरूमा समेत प्रयोग गरिने भाषा स्तरीय बन्न नसकेको निष्कर्ष निकालेको छ र यस्ता अध्ययनले स्तरीय पत्रिका प्रकाशनमा योगदान पुऱ्याउने छ ।

तिमल्सेना (२०६६), द्वारा 'गोरखा पत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकको अध्ययन गरिएको छ । त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको शोधपत्रका रूपमा प्रस्तुत अध्ययनमा गोरखापत्रका सम्पादकीयको संरचना, विषय वस्तु, शैली, शीर्षक तथा सम्पादकीयमा प्रयुक्त भाषा, वाक्य प्रकार, वाक्य कोटि र शब्द भण्डारको अध्ययन गरिएको छ । उक्त शोधपत्रको सम्पादकीयमा औपचारिक भाषाको प्रयोग  गरिएको जटिल, अभूत काल, सामान्य पक्ष र कर्तृवाच्यका वाक्यहरू बढी प्रयोग भएका निष्कर्ष निकालिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस अध्ययनको मूल उद्देश्य समाचार पत्रमा प्रयोग गरिने भाषामा शुद्धीकरण ल्याउने हो । यस अध्ययनले भाषाको व्याकरण पक्षमा बढी जोड दिई भाषालाई शुद्ध पार्ने प्रयास गरिएकाले यस्ता अध्ययनले समाचार पत्रलाई स्तरीय बनाउन सहयोग पुऱ्याउने छ ।

यसरी समाचार पत्रहरूमा प्रयोग गरिएका भाषा सम्बन्धी केही अध्ययन तथा अनुसन्धान भएका छन् । तिनै कारणहरूले गर्दा वर्तमान पत्रपत्रिकामा भाषागत अशुद्धिहरू कम पाइन थालिएका छन् । यस क्षेत्रमा आफ्नो पनि योगदान होस् भन्ने हेतुले हालसम्म कोही कसै व्यक्तिले पनि अध्ययन नगरेको विषय 'लमजुङ खबर दैनिक पत्रिकामा प्रयुक्त भाषाको अध्ययन' नामक विषयलाई लिएर यसको शीर्षक, ढाँचा, शैली, विषय वस्तु, व्याकरणिक पक्ष आदिलाई समेटेर यो अध्ययन गरिएको हो ।

# अध्याय : तिन

# अध्ययन विधि

## ३.१ अध्ययन विधि

कुनै पनि अनुसन्धानलाई पूरा गर्नका लागि पूर्व निर्धारित विधि एवम् प्रक्रियाको पालना गरिनु पर्छ । अनिमात्र अनुसन्धानबाट आशातीत उद्देश्य सम्भव हुन सक्छ । हरेक अनुसन्धानलाई सफल बनाउनका लागि अध्ययन विधिको महत्त्वपूर्ण स्थान रहन्छ । प्रस्तुत अध्ययनमा पुस्कालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### ३.१.१ नमुना छनौट

प्रस्तुत शोधका लागि वि.स. २०६८ साल कार्तिक २० गतेदेखि २०६८ साल फागुन १० गतेसम्मको प्रत्येक हप्ताको आइतबारको लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयलाई नमुनाको रूपमा छनौट गरिएको छ ।

### ३.१.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधपत्रको तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । यस अध्ययनमा लमजुङ खबर दैनिक पत्रिकाको १६ वटा अङ्कलाई समावेश गरिएको छ । यसका अतिरिक्त द्‌वितीय स्रोतका रूपमा भाषा प्रयोग सम्बन्धी लेखिएका लेख रचना, पाठ्य पुस्तक, पत्रपत्रिका, शब्दकोश, सन्दर्भ सामग्री र विभिन्न विद्‌वत वर्गको सल्लाह र सुझावलाई द्‌वितीय तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ । क्षेत्रीय विधि अन्तर्गत नमुना छनोट विधि, पद्‌धति, मतावली जस्ता पद्‌धतिद्‌वारा तथ्य सङ्कलन गरिएको छ ।

### ३.१.३ तथ्याङ्कको एकीकरण

अनुसन्धानमा प्राप्त तथ्याङ्कहरूलाई प्रमाणका रूपमा प्रस्तुत गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा प्राथमिक स्रोतका रूपमा लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन विश्लेषण गरिएको छ । सामग्री सङ्कलन पछि सङ्कलित सामग्रीको अध्ययन व्यवस्थापन वर्णन व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.१.४ तथ्याङ्क विश्लेषण

अनुसन्धानमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्नु अनुसन्धानको विशेषता भएकोले यस अध्ययनले लमजुङ खबर दैनिक पत्रिकाको १६ वटा अङ्कहरूमा प्रयोग भएका वाक्य सरल, मिश्र र संयुक्त के कति प्रयोग भएका छन् भन्ने कुरा तथ्याङकद्वारा विश्लेषण गरिएको छ । सम्पादकीयको विषय वस्तु शीर्षक, ढाँचा शैलीको समेत अध्ययन गरिएको छ । त्यसैगरी काल र पक्षका आधारमा, वाच्यका आधारमा, संरचनाका आधारमा र स्रोतका आधारमा शब्द तथा वाक्यको अध्ययन गरिएको छ । भूत र अभूत काल तिनका पक्षहरू सामान्य, पूर्ण, अपूर्ण, अज्ञात, अभ्यस्तको, कर्तृ, कर्म र भाव पक्षको, व्युत्पन्न र अव्युत्पन्न पक्षको, तद्भव, तत्सम र आगन्तुक शब्दहरू के कति छन् भनी अध्ययनमा उपरोक्त पक्षको विश्लेषण गरिएको छ । यी पक्षहरूको विश्लेषण गर्ने क्रममा तालिका र वृत्तचित्रको प्रयोग गरिएको छ ।

## ३.२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तुल्याउनका लागि यस शोधलाई विभिन्न अध्यायमा विभाजन गरिएको छ :

**अध्याय एक** - शोध परिचय

**अध्याय दुई** - पूर्वकार्यको समीक्षा

**अध्याय तिन** - अध्ययन विधि

**अध्याय चार** - सैद्धान्तिक अवधारणा

**अध्याय पाँच** - लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन

**अध्याय छ** - वाक्य संरचना र वाक्य कोटिको अध्ययन

**अध्याय सात** - उपसंहार

# अध्याय : चार

# सैद्धान्तिक अवधारणा

## ४.१ भाषा

भाषा विचार सम्प्रेषणको प्रमुख माध्यम हो । व्यक्तिले आफ्ना विचार अनुभव संवेदनाहरू एक अर्कासँग साटासाट गर्नको लागि भाषाको प्रयोग गर्दछ । त्यसैले भाषालाई सशक्त माध्यमको रूपमा लिइएको छ । सञ्चारको सशक्त माध्यमको रूपमा रहेको भाषा सामाजिक सम्पर्कको प्रभावशाली माध्यम पनि हो । भाषाको काम व्यक्तिहरूका बिच आपसी विचार विनिमय गर्नु मात्र होइन, आपसमा आत्मीयता तथा समझदारी बढाउनु हो (अधिकारी, २०६५:०९) ।

भाषा मानवीय वस्तु पनि हो । मानव बाहेक अरु प्राणीमा प्रभावकारी, सृजनात्मक र सम्प्रेषणात्मक रूपमा विचारहरू आदान प्रदान गर्ने क्षमता हुदैन । भाषाबाटै मानवले सञ्चार गर्दछ । यसबाट मात्र ऊ आफूले चाहेको जुनसुकै भाव, विचार, इच्छा, वस्तु कार्य र घटनाबारे अभिव्यक्ति दिन र त्यसलाई बुझ्न सक्छ । ज्ञान विज्ञानका अनेक विधा र विषयका बारेमा जनकारी आदान प्रदान गर्न ऊ भाषाकै सहयोग लिन्छ (यादव र रेग्मी, २०५९:०७) ।

भाषाको माध्यमले नै मानिस आफ्ना सूचनाहरू प्रचार गरी ठूला बनाउँछ । मान्छे आफ्ना मष्तिस्कमा उब्जेका कुराहरूलाई अरू समक्ष पुऱ्याउन चाहन्छ र अरूबाट आफू पनि लिन चाहन्छ (ढकाल, २०६३:०१) ।

भाषा मानवीय व्यवहारका विविध सन्दर्भहरूलाई समेटेको हुन्छ । ती विविध क्षेत्र, सन्दर्भ र विषयका विविध कोणहरू भाषालाई परिभाषिक गर्ने गरेको पाइन्छ । ज्ञानका सबै शाखा (मानवशास्त्र, समाजशास्त्र, साहित्य, दर्शन, भूगोल, मनो विज्ञान आदि) ले आ आफ्नै तरिकाले भाषालाई अर्थ्याएका छन् । मानिस जीव जगत सम्बन्धी विशद् ज्ञान राशिको प्राप्ति, भण्डारण र हस्तान्तरण गर्न पनि भाषाकै प्रयोग गर्छ । सामाजिक अन्तरक्रिया तथा आफ्नो संस्कृतिको पक्ष पोषण र निरन्तरताका लागि भाषाको सञ्चार हुनु पर्दछ । यसरी भाषा सांस्कृतिक सञ्चारणको साधन पनि हो । भाषाको सञ्चरित हुनका लागि लिखित मौखिक आदि माध्यमको आवश्यकता पर्ने भएकाले यसको प्रयोग औपचारिक अनौपचारिक

जुनसुकै अवस्थामा पनि हुन्छ । नेपाली भाषा लामो इतिहात बोकेको भाषा हो । वि.सं. १०३८ दामुपालको शिला लेखलाई नेपाली भाषाको आधार विन्दु मानिन्छ । नेपाली भाषाको प्रयोग नेपाल लगायत नेपाल बाहिर पनि प्रयोग गरिन्छ । ४६.८ प्रतिशत जनताको मातृभाषाको रूपमा रहेको नेपाली भाषा (२०६८ को जनगणना अनुसार) शिक्षा कार्यालय सञ्चालनको भाषा, प्रकाशनको भाषा तथा सामाजिक भाषाको रूपमा रहेको छ । प्रयोग क्षेत्रमा विस्तार हुँदै गएको नेपाली भाषा सूचनाको भरपर्दो बाहक समेत भइरहेको छ ।

## ४.२ सञ्चार

सञ्चार भनेको दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिच विचार, सूचना, घटना वा सन्देशको आदान प्रदान गर्ने प्रक्रिया हो । अङ्ग्रेजी भाषाको शब्दको पर्यायवाची रूपमा रहेको सञ्चार शब्दको अर्थ साझापन वा साझा अनुभव भन्ने हुन्छ । कुनै विषयसँग सम्बन्धित सूचना, जानकारी, सन्देश र अनुभूतिलाई स्पष्ट रूपमा अर्को व्यक्तिसम्म पुऱ्याउनु सञ्चार हो, सञ्चारले सूचनाको विनिमय वा साटासट गर्ने कार्यलाई बुझाउँछ । सञ्चार अर्थपूर्ण र साङ्केतिक हुन्छ (अधिकारी, २०६२:०४) । सञ्चारको उद्देश्य पनि सम्प्रेसित गर्नु र आपसी समझदारी कायम गर्नु हो । त्यसैले सञ्चार सूचनाका माध्यमबाट गरिने एउटा सामाजिक अन्तरक्रिया हो ।

सञ्चार लिखित, मौखित, श्रव्य दृश्य, साङ्केतिक आदि किसिमको हुन्छ । सञ्चार प्रक्रियामा दुई पक्ष सहभागी हुन्छन् । एउटा सूचना दिने पक्ष र अर्को सूचना पाउने पक्ष । यी दुवै पक्ष जति नै मात्रामा अन्तरक्रिया हुन्छ त्यति नै सञ्चार सहज, अर्थपूर्ण र प्रभावकारी हुन्छ । प्रेषकको सञ्चारका साधनबाट दिएको सन्देश प्रापकले बुझ्न सकेमा सञ्चार उद्देश्य सफलीभूत हुन्छ (खनाल, २००८ : ०१) ।

सञ्चारको साधनको सहायताले एक अर्कामा भाव र विचार बुझ्न सकिन्छ । पत्र पत्रिका, कम्प्युटर, चलचित्र, रेडियो, टेलिभिजन, पोस्टर, पम्प्लेट, माइक आदि सञ्चारका साधन हुन् । यिनै साधनको माध्यमबाट लक्षित वर्गमा सन्देश पुऱ्याइन्छ । एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म सङ्केत, लिपि, बोली, चिन्ह, इशारा वा अन्य कुनै माध्यमबाट विचार, घटना, एवम् जानकारी पुऱ्याउने प्रक्रिया हो । सञ्चारलाई सूचनाको हस्तान्तरण प्रक्रिया मानिन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिलाई सन्देश सम्प्रेषण गर्ने प्रक्रियालाई छोटकरीमा सञ्चार मानिन्छ ।

## ४.३ आम सञ्चार

आम शब्दले धेरै वा ठूलो सङ्ख्यालाई र सञ्चार शब्दले एकबाट अर्को स्थानमा सन्देशहरू पुऱ्याउने प्रक्रियालाई जनाउँछ । कुनै सूचना वा जानकारीलाई माध्यमको प्रयोगबाट आम जनता माझ एकै साथ पुऱ्याइन्छ भने त्यो आम सञ्चार हो (अधिकारी, २०६२:०७) ।


कुनै माध्यमबाट व्यापक रूपमा सन्देशको प्रचारप्रसार गर्ने प्रक्रियालाई आम सञ्चार भनिन्छ । यदि सञ्चारको माध्यमबाट कुनै पनि सूचना जानकारी वा विचार आम जनतामाझ पुऱ्याइन्छ भने त्यो आम सञ्चार हुन्छ । आम सञ्चारलाई जनमाध्यम पनि भनिन्छ (लामिछाने, भुसाल र अन्य, १०६१:०१) । आम सञ्चारद्वारा विशाल जनसमुदायले कुनै पनि सूचना वा जानकारी एकैचोटी पाउने अवसर प्राप्त गर्दछ ।

डेनिस म्याक्वालले भनेका छन् 'आम सञ्चारमा सङ्गठन र प्रविधि समावेश हुन्छ । जसमा रेडियो, टेलिभिजन र चलचित्र जस्ता प्रविधिको प्रयोगद्वारा ठूलो समूहमा छरिएर रहेका भिन्न भिन्न श्रोता, पाठक र दर्शकमा सन्देश प्रक्षेपण गरिन्छ' (खनाल, २०८८:२४) । मास कम्युनिकेसन डिक्सनेरी अनुसार 'आम सञ्चार भनेको व्यापक रूपमा सूचना सन्देशहरू भिन्न प्रकृतिका र भौगोलिक रूपमा तितरबितर भएका वा छरिएर रहेका श्रोता, पाठक, दर्शक सामु सम्प्रेषण गरिने प्रत्रिया हो' (खनाल, २००८:२४) । आम सञ्चारले आम जनतालाई सु सूचित बनाउने उनीहरूलाई विश्वमा भइरहेका घटना र विषय वस्तु बारे जानकारी गराउने उनीहरूको जीवनमा परिवर्तन वा सुधार ल्याउने कार्य गर्दछ ।

## ४.४ आम सञ्चार माध्यम

आम सञ्चार माध्यम भन्नाले आम जनतालाई सूचना जानकारीहरू पुऱ्याउने प्रयोग हुने साधन बुझिन्छ (खनाल, २००८:३३) । आम सञ्चार माध्यम असङ्ख्य मानिसलाई सन्देश सम्प्रेषण गर्नका लागि प्रयोग गरिन्छ । आम सञ्चार माध्यमले भौगोलिक रूपमा छरिएर रहेका विभिन्न संस्कृति, रहनसहन, धार्मिक सामाजिक र राजनीतिक आस्था भएका मानिस सामु एकै पटक सन्देश पुऱ्याउने र उनीहरूलाई प्रतिनिधित्व गर्ने क्षमता हुन्छ । वास्तवमा आम सञ्चार माध्यम त्यस्ता साधन वा औजार हुन् जसको आम जनातामा द्रुत गतिमा सन्देश सम्प्रेषण पुऱ्याउने क्षमता राख्दछन् ।

### ४.४.१ आम सञ्चार माध्यमका किसिम




*स्रोत : (खनाल, २००८ (ई.) : ३६)*

**क) छापा माध्यम**

छापाखानाबाट मुद्रण भई प्रकाशन हुने पत्र पत्रिका, किताब, पोष्टर, पम्प्लेट, जर्नल आदिलाई छापा माध्यम भनिन्छ । छापा माध्यम आम सञ्चारको सबैभन्दा पुरानो माध्यम हो । यो माध्यम साक्षर व्यक्तिका लागि मात्र उपयोगी हुन्छ । विषय वस्तु बारे पूर्ण जानकारी पाइने वा विस्तुत रूपमा समाचार, विचार, विश्लेषण पढ्न पाउने, आफूले मन लागेको सामग्री इच्छा अनुकुल पढ्न पाउनु छापा माध्यमका प्रमुख गुणहरू हुन् ।

**ख) विद्धुतीय माध्यम**

विद्धुतीय माध्यम भन्नाले विद्धुतीय तरङ्गलाई सञ्चार गरिने प्रणाली बुझिन्छ । तार वा केबल प्रयोग गरी गरिने सञ्चार पनि यसैभित्र गर्दछन् । रेडियो, टेलिभिजन, चलचित्र आदिलाई विद्धुतीय माध्यम भनिन्छ । यो माध्यम साक्षर तथा निरक्षर दुवैका लागि उपयोगी हुन्छ । छिटो गरी सन्देश पुऱ्याउन, एकैचोटि बृहत जन समूहलाई सन्देश दिन विद्धुतीय माध्यमको उपयोग हुन्छ ।

## ४.५ समाचार पत्र

सामान्यतया समाचार पत्र भन्नाले नबाँधिएको वा स्टिच नगरिएको, निश्चित समय वा मितिमा प्रकाशन हुने मुद्रित सामग्री बुझिन्छ । आम सञ्चारको एउटा माध्यमको रूपमा समाचार पत्रले स्थान लिएको छ । आम सञ्चारका विभिन्न माध्यमहरू मध्ये स्थानीय

स्तरका सन्दर्भदेखि लिएर राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका सन्दर्भहरूलाई उठाउन सक्ने सर्वसुलभ माध्यम समाचार पत्रलाई समाजको सशक्त चेतनामूलक साधन मानिन्छ । यसमा मुलतः सूचनामूलक सामग्रीको प्रधान्यता रहन्छ । यसलाई लामो समयसम्म सङ्ग्रह गरेर राख्न सकिन्छ । जसलाई प्रायः शिक्षित व्यक्तिले मात्र प्रयोग गर्दछन् । समाचार पत्र शब्दले छापा माध्यमको एक सशक्त औजारलाई जनाउँदछ, जो नियमित रूपमा दैनिक तथा साप्ताहिक रूपमा समाचारहरू, विभिन्न विचारहरू दृष्टिकोणहरू, लेख रचनाहरू, विज्ञापनहरू, फोटो क्याप्सनहरू तथा कार्टुन आदि स्तम्भहरू लिएर जनतालाई सुसूचित गर्नका लागि प्रकाशित हुने गर्दछ ।

नागरिक जीवनसँग निकट सम्बन्ध गाँस्ने समाचार पत्रले समाजलाई नजिकबाट नियालिरहेको हुन्छ । समाजलाई अवलोकन गर्ने काममा समाजमा भएका गतिविधि, भ्रष्टाचार, अन्याय, अत्याचार प्रवाहमा ल्याउने काम समाचार पत्रबाटै हुन्छ । समाचार पत्रले समाजमा अन्याय परेका वा अल्प सङ्ख्यकको आवाजलाई मुखरित गर्ने कार्य गर्दछ । समाचार पत्रले समाज सुधार गर्न सघाउँछ, समाजका दुर्गुण हटाउँछ र समाजलाई गतिशील परिवर्तनतर्फ उन्मुख पनि गराउँछ ।

समाचार पत्रको विकास ४००-५०० वर्ष अगाडि युरोपमा भएको मानिन्छ । जो राजनीतिक खुराक, पम्प्लेट तथा पत्र एवम् समाचारहरूमा आधारित थियो । हुन त आम सञ्चारको विकास नै छापाखानाको र कागजको आविष्कारसँगै भएको मानिन्छ । नेपालका सन्दर्भमा आम सञ्चारको सुरूवात परम्परागत सञ्चार प्रक्रिया जस्तै लोकगीत (गन्धर्व), कटुवाल आदिबाट भएको मानिन्छ । आधुनिक आम सञ्चार भने राणाकालमा जङ्ग बहादुरले सन् १८५१ म प्रेस ल्याएपछि नेपालमा देखा पर्‍यो । त्यो पछाडि नै समाचार पत्रको विकास हुन थालेको पाइन्छ ।

यसरी विकसित भएको समाचार पत्र समाजको एक सशक्त र प्रभावशाली सूचनाको माध्यम बन्न पुग्यो । समाचार पत्र बहुपक्षीय वस्तुहरूको सङ्कलन हो । यसै सन्दर्भमा लर्ड वाइनरले भनेका छन् ‘एक थोपा मसीले हजारौ मानिसको मष्तिष्कलाई हल्लाइ दिन्छ ।’ जस्तै एउटा समाचार पत्रले ल्याएको एउटा सनसनीपूर्ण खबरले संसार थर्काइ दिन सक्छ (खनाल, २००८:३९) । समाचार पत्रको उद्देश्यको बारेमा महात्मा गान्धीले भनेका छन् ‘समाचार पत्रको एक उद्देश्य जनताको इच्छा र विचारलाई सम्झिनु तथा त्यसलाई व्यक्त

गर्नु हो । तेस्रो उदेश्य सार्वजनिक दोषको निर्भयतापूर्वक प्रकट गर्नु हो' (देवकोटा, २०५९ :१६) ।

### ४.५.१ समाचार पत्रको सङ्गठन


समाचार पत्रको सङ्गठनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**समाचार पत्रको सङ्गठन**

| सम्पादकीय विभाग (पक्ष) | व्यापार विभाग (पक्ष) | प्राविधिक (पक्ष) |
|---|---|---|
| - समाचार | - विज्ञापन (स्थानीय) | - कम्पोजिङ्ग |
| - फिचर | - राष्ट्रिय र वर्गीकृत | - इनग्रेभिङ्ग |
| - टिप्पणी | - सञ्चालन | - स्टेरोटाइपिङ्ग |
| - स्तम्भ | - प्रेस | - सम्पादकीय |

*(मेहता, १९७९ : १९८)*

समाचार पत्रको सङ्गठन समाचार पत्रको आकार प्रकार र स्वरूपमा भर पर्ने गर्दछ । स्थानीय स्तरको समाचार पत्रको सङ्गठन सानो किसिमको हुन्छ भने राष्ट्रिय स्तरको समाचार पत्रको केही बृहत् हुन्छ । जति जति समाचार पत्रको आकार बढ्दै जान्छ उति उति त्यसको सङ्गठन पनि बृहत हुँदै जान्छ । समाचार पत्रको सङ्गठनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




*(पुरोहित, १९९८:९७)*

## ४.६ सम्पादकीय

### ४.६.१ सम्पादकीयको परिचय

सम्पादकीय भनेको समाचार पत्रले कुनै पनि विषय वस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो (खनाल २००८:२११) । विभिन्न समाचारमूलक, ज्ञानमूलक लेख रचनाका साथै सम्पादकीय पत्रिकाको महत्त्वपूर्ण पक्ष हो । सम्पादकीय अखबारको स्थायी स्तम्भ पनि हो । प्राय सम्पादकीयमा समसामयिक विषय वस्तु वा घटनाका सम्बन्धमा आफ्नो प्रकासन संस्थाको नीति वा विचार व्यक्त गरिन्छ । सम्पादकीयलाई पत्रिकाको मुख्य सिद्धान्त पनि भनिन्छ । सम्पादकीय समचार पत्रमा नियमित रूपमा निश्चित स्थानमा प्रकाशित हुने गर्दछ ।

सम्पादकीय समाचार होइन र विज्ञापन पनि होइन । यो घटना विषय वस्तुप्रति प्रतिक्रिया व्यक्त गर्ने स्तम्भ हो । सम्पादकीय लेखले समसामयिक जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट पार्ने गरी सम्बन्धित पत्रिकाको धारणा वा दृष्टिकोणलाई व्यक्त गर्दछ । सम्पादकीयले पत्रिकाको अभिप्राय दृष्टिकोण वा मुख्य बोली बोल्ने हुनाले यसमा व्यक्तिका निजी विचारलाई ठाउँ दिइन्छ । यसमा विश्चित दृष्टिकोण प्रकट भएको हुन्छ (लामिछाने र अन्य, २०६१ : ७७) । यो सामान्य पाठकको सजिलै बुझ्न सकिने भाषाको साथै छोटो सरल, स्पष्ट र समसामयिक हुनु पर्दछ ।

### ४.६.२ सम्पादकीयको अर्थ

अङ्ग्रेजी भाषा इडिटोरियलको समानार्थी नेपाली शब्द नै सम्पादकीय हो । यो शब्द संस्कृत स्रोतबाट नेपाली भाषामा भित्रिएको पाइन्छ । सम् + अक + ईय मिलेर सम्पादकीय शब्द बनेको छ । नेपाली बृहत शब्दको (२०४०) ले नाम । विशेषणको अर्थमा सम्पादकीय शब्दको अर्थ फरक फरक दिइएको छ ।

नाम अर्थमा सम्पादकीय शब्दले कुनै पुस्तक पुस्तिकाको विषय वा उद्देश्यलाई प्रस्ट्याउने गरी सम्पादकका तर्फबाट सङ्क्षेपमा लेखिएको विशेष प्रकारको लेख भन्ने बुझिन्छ (नेपाली बृहत् शब्दकोश, २०४०:१३११) । विषेशणका अर्थमा सम्पादकीय सम्बन्धी सम्पादकको भन्ने बुझिन्छ । यस शोधपत्रमा सम्पादकीयको नाम अर्थलाई मात्र आधार मानी अध्ययन गरिएको छ ।

### ४.६.३ सम्पादकीय परिभाषा

- सम्पादकीय भनेको ठोस विचार व्यक्त गर्ने ठाउँ हो (वस्ती, २०६३:१९३) ।
- सम्पादकीय भनेको विचारहरू समेटेर लेखिएको पत्रकारिता निवन्ध हो जसले सूचना दिने वा व्याख्या गर्ने विषय वस्तुबारे मनाउने वा आफ्नो पक्षमा पार्ने र मनोरञ्जन दिन वा हँसाउने विषय वस्तु समेट्छ । यस्ता विषय वस्तुमाथि वर्णन गर्ने, व्याख्या गर्ने र तर्क गर्ने काम सम्पादकीयमा हुन्छ (स्टोनसिफर, १०९७:४०) ।
- समाचारको विचार हेर्ने ऐना सम्पादकीय हो ( मेहता, १९७९:७१) ।
- सम्पादकीय भनेको समाचार पत्रले कुनै पनि विषय वस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो (खनाल, २०६४) ।

- पत्रिकाको आवाज भभिव्यक्ति हुने ठाउँ सम्पादकीय हो तसर्थ सम्पादकीय लेख्दा गम्भीर हुनु पर्छ (स्टोनसिफर, १९७९:३१) ।
- सम्पादकीय समाचारको सबैभन्दा महत्त्वपूर्ण स्तम्भ हो तर यो सम्भवत : सबैभन्दा कम पढिन्छ (भानुवत, १९९७ (ई.) ।

सम्पादकीय मार्फत नैतिकवान बनाउन, कर्तव्य बोध सिकाउन र सम्बन्धित निकायको ध्यानाकर्षक गर्न सकिन्छ । सम्पादकीय मार्फत जनमत निर्माण गरी समस्याको निदान गर्न सकिन्छ । त्यसैले सम्पादकीय सुझाव, आलोचना र प्रस्ताव राख्ने फोरम पनि हो । सम्पादकीयमा सहमति वा असहमति जे प्रकट गरे पनि त्यो सन्तुलित भने हुनै पर्दछ ।

समाचार पत्र प्रकाशनको साथमा गहिरो सामाजिक राजनीतिक दायित्व गाँसिएको हुन्छ । सम्पादकले यिनै दायित्वको पूर्ति सम्पादकीय स्तम्भमार्फत गर्दछन् । सम्पादकीय लेख्ने सम्पादक विषय वस्तु बारे जानकार हुनु पर्दछ । प्राप्त तथ्यलाई इमान्दारीपूर्वक पेश गर्न सक्षम हुनु पर्दछ । एउटा राम्रो सम्पादकीयले सबैभन्दा पहिले जनताको सेवा गर्ने प्रयास गर्नु पर्दछ, समाजको उच्चतम भलाई चाहनु पर्छ । सम्पादकीयको लेखनमा नै समाचार पत्रको सफलता र असफलता भर पर्दछ । यसै सन्दर्भमा सन् १९७५ मा भएको अमेरिकन सम्पादकीय लेखहरूको राष्ट्रिय भेलाले भनेको छ 'सम्पादकीय लेखन भनेको पैसा बनाउने अर्को बाटो हो' (भण्डारी, २०६५:१३६) ।

सम्पादकीय सरल भाषामा लेखिन्छ तर समाचारको भाषामा होइन । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोसिस गरिन्छ । सम्पादकीय लेख जसमा ठोस तथ्य तथ्याङ्कमा भन्दा बढी दिइएको हुन्छ । पाठकलाई भ्रममा पार्ने वा निजी स्वार्थबाट प्रेरित भएर सम्पादकीय लेख्नु हुँदैन । विज्ञापनदाता, राज्य सरकार र समाचार पत्रको नेतृत्वबाट सम्पादकीय प्रभावित हुनु पर्दैन । सम्पादकीय स्वतन्त्र निडर र ठोस हुनु पर्दछ, तर्कमूलक भाषामा लेखिएको हुनु पर्दछ । विषय वस्तुको प्रकृति अनुसार गहन अध्ययन पश्चात् विश्लेषणात्मक शैलीमा सम्पादकीय लेख्नु पर्दछ । लेखन नदीमा ऱ्यापिटङ गर्ने काम होइन समुद्रमा ढुङ्गा खियाउने काम हो (भण्डारी, २०६५:१३७) ।

यसरी हेर्दा सम्पादकीय समाचार पत्रको महत्त्व वा ओज नाप्ने कसी हो । यसमा तथ्य वा विचारको तर्क सङ्गत, सुरूचिपूर्ण र सङ्क्षिप्त प्रस्तुति हुन्छ । सम्पादकीयबाट सामान्य पाठकले पनि विश्लेषित विषयको महत्त्व सम्झन सक्षम हुने अपेक्षा गरिएको छ ।

### ४.६.४ सम्पादकीयको संरचना

सम्पादकीयको आकार अखबारको अकार र साइजमा भर पर्दछ । तर अखबारको आकार धेरै ठूलो हुँदैमा सम्पादकीय पनि धेरै हुन्छ भन्ने चाँहि होइन । सम्पादकीय कम्तिमा पनि तिन अनुच्छेदसम्मको हुन्छ । सुरूमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षक बाहेक सम्पादकीयमा तिन खण्ड रहेको हुन्छ । सुरूमा विषय वस्तु बारे छोटो परिचय र पृष्ठभूमि दिइन्छ । सुरूमा सरल र स्पष्ट भाषामा हुनु पर्दछ । मध्य भागमा तथ्य विवरणका साथ तर्क पेस गरिन्छ । व्याख्या, तार्किक सश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट सम्पादकीयको दोस्रो भागमा गरिन्छ । अन्त्य भाग सम्पादकीयको उपसंहार भाग हो । यसमा निष्कर्ष र सुझाव प्रस्तुत गरिन्छ ।

### ४.६.५ सम्पादकीयको काम

सम्पादकीय मार्फत नैतिकवान् बनाउन, कर्तव्य बोध गराउन, सम्बन्धित निकाय वा आधिकारिक निकायको ध्यानाकर्षण गर्न सकिन्छ । सम्पादकीयले भ्रष्टाचार, सामाजिक विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने काम पनि गर्दछ । सम्पादकीय मार्फत जनमत निर्माण गर्ने, समस्याको निदान गर्न सकिन्छ । पाठकलाई सचेत गराउने काम पनि सम्पादकीयको हो । असल सम्पादकीयले पाठकलाई अभिप्रेरित गर्ने, भ्रष्ट्राचार, सामाजिक विसङ्गति एवम् अनियमितता हटाउने, शिक्षित गराउने, पाठकलाई सचेत गराउने, आवश्यक सल्लाह तथा सुझाव दिने, नैतिकवान एवम् कर्तव्य बोध गराउने जस्ता कार्य गर्दछ । यसका साथै सम्पादकीयले विविध मतलाई प्रतिनिधित्व गराउने मनोरञ्जन प्रदान गर्ने, अखबारको परिचय र स्तर मापन गर्ने, जनमतको निर्माण गर्ने जस्ता कार्यहरू पनि गर्दछ (खनाल, २००८:२१२) ।

त्यस्तै दैनिक हिन्दुस्तानका पूर्व सहायक शरदेन्दुले विलियम एम पिकरटनका विचार उद्धृत गर्दै सम्पादकीय लेखनले समाचारको विश्लेषण गर्ने, घटनाको पृष्ठभूमि प्रदान गर्ने, भविष्यवाणी गर्ने र नैतिक निर्णय दिने जस्ता कार्य गर्दछ (भानावत, १९९७:१५-१६) ।

### ४.६.६ सम्पादकीय लेख्दा ध्यान दिनु पर्ने कुराहरू

सम्पादकीय पत्रिकाको महत्त्वपूर्ण स्तम्भ भएकोले यसको लेखनमा विशेष ध्यान दिनु पर्ने हुन्छ । विषय वस्तुको बारेमा तथ्य र पर्याप्त जानकारी नभई अनुमानको भरमा लेख्नु

हुँदैन । आलोचना गर्नु छ भने पनि शिष्ट भाषामा आलोचना गर्नुका साथै पत्रिकाको पेसागत प्रतिष्ठालाई ध्यानमा राखेर लेख्नु पर्ने हुन्छ । सम्पादकीय लेख्दा सामान्य पाठकले सजिलै बुझ्न सकिने भाषाको साथै छोटो, सरल, स्पष्ट र समसामयिक हुनु पर्दछ । सम्पादकीय लेख्दा विषय वस्तु वा घटनाबारे तथ्य र पर्याप्त जानकारी हुनु पर्दछ । यसका साथै विषय वस्तु छनोट गर्दा त्यसको महत्त्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनु पर्दछ । आलोचना गर्नुछ भने शिष्ट भाषामा सम्यक आलोचना गर्दै सुरूवात स्पष्ट वा सङ्क्षेपमा लेख्नु पर्दछ । विना प्रमाण तथ्य वेगर हचुवाको भरमा त्यसको विषय वस्तु बारे सम्पादकीय लेख्नु हुँदैन । राजनीतिक, व्यापार र उद्धोगको विषयमा सम्पादकीय लेख्नु परेमा विषय वस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर लेख्नु पर्दछ । पत्रकारिताको पेशागत प्रतिष्ठालाई ध्यानमा राखेर सम्पादकीय लेख्नु पर्दछ (खनाल, २००८:२१३) ।

### ४.६.७ असल सम्पादकीयका विशेषताहरू

सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने खालको हुनु नै असल सम्पादकीयको विशेषता हो । वास्तविक तथा असल स्पष्ट लेखन हुनुका साथै छोटो वाक्यको प्रयोग हुनु पर्दछ । सरलबाट जटिलतर्फ उन्मुख भएको सम्पूर्ण समुदायको प्रतिनिधित्व गर्न सक्नु नै असल सम्पादकीयको विशेषता हो । असल सम्पादकीयका विशेषताहरूमा सरल लेखन, छोटा वाक्यको प्रयोग, सरलबाट जटिलतर्फ उन्मुख, अनावश्यक शब्दहरूको प्रयोग नगरिएको, वास्तविक तथा स्पष्ट लेखन र प्रभाव पार्ने हिसावले नभई अभिव्यक्त गर्ने हिसाबले लेखिएको हुनुपर्ने जस्ता विशेषताहरू पर्दछन् (स्टोनसिफर, १९७९:१०४) ।

### ४.६.८ सम्पादकीयमा राख्न नमिल्ने कुराहरू

सम्पादकीयको भाषा अरू समाचारको भाषा जस्तो हुँदैन । अरू समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्न सक्छ । सम्पादकीयमा एक वचन सर्वनामको प्रयोग गर्न नमिल्नुका साथै जटिल तथा प्रविधिक शब्दहरू प्रयोग गर्न हुँदैन । जि. एम. स्मिथले राईटिङ एन इडिटोरियल एक्सरसाइज मा सम्पादकीयमा राख्न नमिल्ने कुराहरूलाई लेखेका छन् । उनले सम्पादकीयमा उपशीर्षक हुन नहुने, एक वचन सर्वनाम ‘म’ को प्रयोग गर्न नहुने, प्रभाव विहिन झुटो व्याख्या, अर्काको प्रतिष्ठामा आँच आउने कुरा गर्न नहुने, गैर कानुनी विषयको वकालत गर्न नहुने कुरा बताएका छन् । यसका साथै लामा अनुच्छेदहरू

हुन नहुने जटिल तथा प्राविधिक शब्दको प्रयोग गर्न नहुने, वास्तविकतालाई बेवास्ता गरिएको तथ्य हुन नहुने र अस्पष्ट सन्र्दभ प्रयोग गर्न नहुने पनि बताएका छन् ।

## ४.७ सम्पादकीय लेखनको विश्व इतिहास

बेलायतमा सन् १७०४ को बिचमा परीक्षणको रूपमा जनताको राय बुझ्ने हिसावले सम्पादकीय लेख्ने चलन सुरू भएको हो । प्रसिद्ध साहित्यकार डेनियल डेकोले दि रम्य पत्रिकामा स्थायी स्तम्भको रूपमा सम्पादकीय लेख्न थालेपछि सम्पादकीय लेख्ने चलन संसारभर फिजिएको हो (खनाल, २००८:२११) ।

## ४.८ सम्पादकीयको भाषा

सम्पादकीय सरल भाषामा लेखिन्छ तर समाचारको भाषामा होइन यसको भाषा अपेक्षाकृत साहित्यिक हुन्छ । सम्पादकीय जति स्पष्ट, सरल हुन्छ त्यति पाठकहरू सम्पादकीय प्रति आकर्षित हुन्छन् । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोसिस गरिन्छ । व्यक्तिपरक शैली 'म' छोडेर निर्वैयक्तिक वा समूहपरक हामी को प्रयोग यसमा गरिन्छ । उपदेशको जस्तो आदेशात्मक पारामा सम्पादकीय लेख्नु हुँदैन । बढी उदाहरणहरू सम्पादकीयमा प्रयोग गर्नु उपयुक्त मानिन्न । प्रत्यक्ष कथन पनि सकेसम्म प्रयोग नगर्नु नै राम्रो हुन्छ । सम्पादकीय लेख्दा स्पष्टता, सरलता, सुपाठ्यतालाई बढी ध्यान दिनुपर्छ । सम्पादकीयमा अनावश्यक शब्द, वाक्य, प्रसङ्ग र अनुच्छेदहरू राख्नु उचित मानिदैन । सम्पादकीयमा घुमाउरो र कलात्मक भाषाभन्दा सोझो भाषा प्रयोग गर्नु उपयुक्त मानिन्छ । स्टोनसिफरका अनुसार जस्तो बोलिन्छ त्यस्तै लेखिनु पर्दछ । कसैलाई प्रभाव पार्ने भन्दा पनि विचार अभिव्यक्त गर्ने हिसाबले सम्पादकीय लेखिनु राम्रो हुन्छ ।

बोलचाल एवम् व्यवहार र समाचार पत्रका अन्य सामग्रीको भाषामा तुलनामा सम्पादकीयको भाषा मानक हुने हुनाले भाषा शुद्ध हुनु आवश्यक छ । यसको भाषा संयमित हुनु पर्छ जसले विभिन्न सम्प्रदाय र वर्गबिच सौहाद्रता बनाउन सकोस् ।

## ४.९ सम्पादकीयको वर्गीकरण

पत्रकारिता विषयका भारतीय लेखक प्रवीण दिक्षितले सम्पादकीयका ६ वटा वर्ग प्रस्तुत गरेका छन् ।

क) उत्साहवर्धक सम्पादकीय - कुनै विपत् सामना गर्ने शूरवीरता जगाउने, मनोवल उठाउने प्रत्साहित गर्न लेखिने ।

ख) कर्तव्यबोधक - कुनै विपत्, सङ्कट युद्ध वा दैवी प्रकोपले पीडित अवस्थामा सहायतार्थ अह्वान गरेर, लेखिने ।

ग) आन्दोलनात्मक - सार्वजनिक समस्याको समाधानका लागि जनमत जाग्रत गराउन लेखिने ।

घ) सुझावात्मक - सार्वजनिक समस्याको समाधानका लागि जनमत सुझाव सहित सन्तुलित भाषा शैलीमा लेखिने ।

ङ) समसामयिक - समसामयिक चाडपर्व, राष्ट्रिय वा धार्मिक दिवसका उपलक्ष्यमा लेखिने भाव प्रधान वा रचनात्मक सम्पादकीय ।

च) पक्ष/समर्थन - कसैको पक्ष वा विपक्षमा तर्कयुक्त ढङ्गले लेखिने विशेषतः राजनीतिक दल सम्बद्ध पत्रिकाहरूमा पाइने सम्पादकीय ।

ब्रेन कोनार्टले सम्पादकीयलाई यसरी वर्गीकरण गरेका छन् :

क) व्याख्यात्मक सम्पादकीय

ख) आलोचनात्मक सम्पादकीय

ग) मनोरञ्जनात्मक सम्पादकीय

### क) व्याख्यात्मक सम्पादकीय

व्याख्यात्मक सम्पादकीयमा जटिल विषय वस्तुलाई पनि टुक्रा टुक्रा पारेर प्रस्तुत गरिन्छ । यस प्रकारका सम्पादकीयले पाठकलाई महत्त्वपूर्ण सूचनाहरू प्रदान गर्न सहयोग पुऱ्याउँछन् ।

ख)	**आलोचनात्मक सम्पादकीय**

सम्पादकहरूले हरेक संवेदनशील विषयमा पाठकलाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरेहको हुन्छन् । तर यो संसारमा हरेक मान्छेले आ आफ्नै आँखाले हेरिरहेका हुन्छन् र त्यही अनुसार विश्लेषण गरिरहेका हुन्छन् । कुनै पनि विषयमा पक्ष वा विपक्ष रहेका हुन्छन् । यसरी कुनै एक पक्ष वा विपक्षमा अडिएर लेखिएका सम्पादकीय आलोचनात्मक सम्पादकीय मानिन्छन् ।

ग)	**मनोरञ्जनात्मक सम्पादकीय**

कतिपय सम्पादकले मनोरञ्जना दिने खालका सन्दर्भलाई पनि सम्पादकीयको विषय वस्तु बनाएका हुन्छन् । विशेष गरी मनोरञ्जनात्मक सन्दर्भको प्रयोग मूल विचारलाई नै पक्ष पोषण गर्ने हिसाबले गर्नु उपयुक्त मानिन्छ ।

## ४.१० सारांश

कुनै विषयसँग सम्बन्धी सूचना, जानकारी, सन्देश, विचार र अनुभूतिहरूलाई सङ्केत, लिपी, बोली, चिन्ह, इशारा वा अन्य कुनै माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म पुऱ्याउने प्रक्रिया सञ्चार हो । विभिन्न माध्यमहरूमध्ये पत्रपत्रिका एउटा महत्त्वपूर्ण माध्यम हो । समाचार पत्रलाई समाजको सशक्त चेतनामूलक साधन मानिन्छ । यसद्वारा स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भएका घटनाहरू थाहा पाउन सकिन्छ । पत्रपत्रिकाको स्थायी स्तम्भको रूपमा रहेको सम्पादकीय पत्रिकाको आफ्नो भनाई र विचार राख्ने ठाउँ पनि हो । जुन समसामयिक विषयसँग गाँसिएको हुन्छ । सम्पादकीयले जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट गर्ने काम गर्दछ । सम्पादकीय वस्तुनिष्ठ, निष्पक्ष, निर्भिक र सङ्क्षिप्त हुनु पर्दछ । सम्पादकीयबाट सामान्य पाठकले पनि विश्लेषित विषयको महŒव सम्झन सक्षम हुने अपेक्षा गरिएको हुन्छ । सम्पादकीयको भाषा सरल, स्पष्ट र मानक हुनु पर्दछ । स्तरीय सम्पादकीय लेखनका लागि सम्पादक, विषय वस्तु र घटनाबारे यथेष्ट जानकारी भएको हुनु पर्दछ । सम्पादकीयको विषय वस्तु छनौट गरी लेख्नु राम्रो मानिन्छ । बिना प्रमाण हचुवाको भरमा सम्पादकीय लेख्नु हुँदैन । प्रश्नहरूको प्रयोग गर्नु हुँदैन । संवादको प्रयोगलाई पनि उचित मानिदैन । सम्पादकीय लेख्दा माथिका सबै कुराहरूलाई चासो दिई पत्रकारिताको पेशागत प्रतिष्ठालाई पनि ध्यानमा राख्नु पर्दछ ।

# अध्याय : पाँच

## लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन

लमजुङ खबर दैनिक पत्रिका लमजुङबाट लोकतन्त्र प्राप्ति पश्चात् वि.सं. २०६८ असार २० गतेदेखि सङ्गठित रूपमा प्रकाशन भएको निजी क्षेत्रको राष्ट्रिय दैनिक हो । लमजुङ जिल्लाको सदरमुकाम बेसी शहरमा प्रकाशन हुने लमजुङ खबर पत्रिकाको ४ पृष्ठ रेहेको छ । विगत २ वर्षदेखि नेपाली भाषाको वृद्धि र विकासमा महŒवपूर्ण योगदान दिएको लमजुङ खबरले जिल्लाको सबै भागका साथै देशका मुख्य भागमा संवाददाता राखेर समाचार सम्प्रेषण गरेको छ । भर्खर भर्खर मात्र स्थापना भएको यस पत्रिका साधन स्रोत र बजार व्यवस्थापका साथसाथै बिक्रीका दृष्टिले उपयुक्त रहेको छ । भाषिक तथा वर्ण विन्यास शुद्धताका दृष्टिले लमजुङ खबर दैनिक पत्रिका उपयोगी नै रहेको देखिन्छ । यस दैनिक पत्रिकाले अझ दक्ष जनशक्ति वा विषय विशेषज्ञ राखेर भाषिक स्तरीकरण तथा वर्ण विन्यासको मानवीकरणमा सहयोग गर्न सक्ने देखिन्छ । लमजुङ खबर पत्रिका प्रकाशनमा अधुनिकता भित्र्याउनुका साथसाथै विशेष अवसरमा कलरमा प्रकाशन गरेको छ । यस दैनिकले राजनीतिक, सांस्कृतिक, आर्थिक, सामाजिक, कला, साहित्य र मनोरञ्जन क्षेत्रका विषय वस्तुलाई समावेश गरेको छ । यस दैनिकले भाषिक शुद्धताका साथै भाषिक मुद्दाहरूलाई प्रकाशन गर्ने काम पनि महत्त्वपूर्णका साथ भएको छ । जिल्लाको कुना कुनासम्म पुगेर यस पत्रिकाले लमजुङका पाठकलाई पढ्न अध्यस्त बनाएको छ । आफ्नो स्थापना कालदेखि आजसम्म पाठकहरूलाई सुसूचित गराउनुका साथै भाषिक विकासमा लमजुङ खबर दैनिकले महत्त्वपूर्ण योगदान दिएको छ ।

प्रस्तुत शोधपत्र लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयसँग मात्र सम्बन्धित छ । सम्पादकीयलाई शैली, विषय वस्तु, शीर्षक, शब्द भण्डार, वाक्य, वाच्य, काल, पक्ष आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । वि.सं. २०६८ साल असार १० गते स्थापित पत्रिकामा नमुना छनौटमा वि.सं. २०६८ कार्तिक २० गतेदेखि २०६८ फागुन १० गतेसम्मका प्रत्येक हप्ताको आइतबारको सम्पादकीयलाई लिइएको छ ।

## ५.१ विषय वस्तु

कुनै वर्णन छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरा नै विषय वस्तु हो । बोल्ने र लेख्ने वा पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषय नै विषय वस्तु हो (अधिकारी २०६१:९५२) । सम्पादकीयको विषय क्षेत्र निकै फराकिलो छ । प्राय सबै विषयमा सम्पादकीय लेख्न सकिन्छ । सम्पादकीय यो नै विषयमा लेख्नु पर्छ भन्ने कुनै सीमितता छैन तैपनि यस्तो विषय वा मुद्दामा सम्पाकीय लेख्नु पर्दछ जुन पाठकलाई महŒव लागोस् । पाठकका इच्छा र आवश्यकता पूरा गर्ने सामग्री मात्र सम्पादकीयको विषय वस्तु हुन सक्दछ । सम्पादकीयको विषय वस्तुका बारेमा श्रीष भण्डारीले भनेका छन् प्रभावशाली सम्पादकीय त्यो हुन्छ जसले पाठकका साझा समस्यालाई सम्बोधन गरेको हुन्छ (भण्डारी २०६५:१३८) ।

सामाजिक राजनीतिक आदि परिस्थितिलाई प्रभावित गर्ने महत्त्वपूर्ण घटनामाथि नै सम्पादकीय लेख्नु उपयुक्त हुन्छ ( भानावत, १९९७ ई.) ।

सम्पादकीयको विषय वस्तुको मूल्याङ्कनहरूमा जानकारी दिने, सतर्क गराउने, विश्लेषण गर्ने, शिक्षित गराउने, मार्गदर्शन गर्ने, सम्झाउने, दृष्टिकोण प्रस्तुत गर्ने, प्रेरित गर्ने, मनोरञ्जन प्रदान गर्ने आदि पर्दछन् ।

जुनसुकै भए पनि सम्पादकीयको विषय वस्तु समसामायिक, सान्दर्भिक र सर्वोपयोगी हुनु पर्दछ । विषय वस्तु छनौट गर्दा महत्त्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्छ । आलोचना गर्नु छ भने पनि शिष्ट भाषामा सौम्य आलोचना गर्नु पर्दछ । राजनीति, व्यापार र उद्योगको विषयमा सम्पादकीय लेख्नु परेमा विषय वस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर मात्र लेख्नु पर्दछ । सम्पादकीयमा विषय वस्तुका बारेमा निजी विचार राख्न पाइँदैन । आफूलाई थाहा नभएको विना प्रमाण कुनै पनि विषय वस्तुको बारेमा लेख्नु हुँदैन ।

लमजुङ खबर दैनिकका नमुना छनौटका परेका १६ वटा सम्पादकीयमा विभिन्न विषहरूको प्रयोग गरिएको छ । प्रशासन, राजनीति, जानकारी, सर्तक, सन्देश, दृष्टिकोण, स्वास्थ्य आदि विषयमा सम्पादकीय लेखिएको छ । जसलाई निम्न तालिकाका माध्यमबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १**

**विषय वस्तु सम्बन्धी विवरण**

| विषय वस्तु | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राजनीति | ३ | १८.७५ % |
| जनकारी | ४ | २५% |
| सतर्क | १ | ६.२५% |
| सन्देश | ४ | २५% |
| दृष्टिकोण | ४ | २५% |
| **जम्मा** | **१६** | **१०० B** |

माथिको तालिका अनुसार लमजुङ खबर दैनिकको सम्पादकीयमा विभिन्न ५ क्षेत्रका विषय वस्तुहरू समेटिएको देखिन्छ । जसमध्ये सबैभन्दा बढी अर्थात् १६ वटा सम्पादकीयमा ४/४ वटा सम्पादकीय जानकारी, सन्देश र दृष्टिकोणसँग सम्बन्धित रहेका छन् । जानकारी सम्बन्धी सम्पादकीय कार्तिक, मङ्सिर, पुस र फागुनका अङ्कमा रहेका छन् । जसमा असिना पीडित किसानलाई तत्काल राहत उपलब्ध गराउ, महिला हिंसा दिवस, स्थानीय निकायमा अन्योल र लगानी मैत्री वातावरणको बारेमा लेखिएको छ । सन्देशमूलक विषयमा लेखिएको सम्पादकीय मङ्सिर, पुस र माघका अङ्कमा रहेका छन् । जसमा संविधान निर्माण तालिका स्थानीय निकायमा अन्योल, बेशी सहर चामे सडक चिनिया प्रधान मन्त्रीको भ्रमणको बारेमा लेखिएको छ । त्यसैगरी दृष्टिकोणसँग सम्बन्धित सम्पादकीय मङ्सिर, पुस र माघका अङ्कमा रहेका छन् । जसमा अव तरकारी क्रान्ति आवश्यक, महिला शान्ति र घरेलु हिंसा, नयाँ वर्ष र मेलमिलाप नीति, नेपाली समाजको गरिवी र राजनीतिको विषयमा लेखिएको छ । राजनैतिक विषयमा तिन वटा सम्पादकीयहरू सम्बन्धित रेहका छन् । राजनैतिक विषयका सम्पादकीयहरू कार्तिक र माघका अङ्कमा लेखिएका छन् । जसमा नेताहरूको विदेश शयर, दलहरूमा एकतको खाँचो र समयले खवरदारी गऱ्यो भन्ने विषयमा लेखिएका छन् । त्यसपछि सर्तक गराउने सम्बन्धित सम्पादकीयमा अझै कहीं ठाउँ बाँकी छ । मुलुक सपार्ने ? शीर्षकको सम्पादकीय रहेको जुन पुसको अंकमा रहेको छ । उदाहरणका रूपमा रहेका यी सम्पादकीयलाई परिशिष्टमा प्रस्तुत गरिएको छ ।

## ५.२ शैली

शैली भनेको ढङ्ग हो । शैलीलाई तरिका वा रीति पनि भनिन्छ । कुनै विषयलाई प्रस्तुत गर्ने तौर तरिका वा ढङ्ग ढाँचा शैली हो (अधिकारी, २०६२:२३१) ।

भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय र भाषा एवम् विषयका दृष्टिबाट विचलन युक्त रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ (शर्मा र लुइटेल, २०६१:२३८) ।

विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आउँछ । समाचार पत्रहरूमा विभिन्न फरक प्रकृतिका समाचारहरूलाई फरक फरक शैलीमा लेखिन्छ । एउटै पत्रिकामा पनि खेल समाचार, आर्थिक समाचार, विज्ञापन, सम्पादकीय आदिलाई फरक फरक शैलीमा लेखिन्छ । सम्पादकीय लेखन स्वतन्त्र विधा हो । यसकारण एउटा समाचार पत्र र अर्को समाचार पत्रको सम्पादकीय लेखनमा फरक फरक शैली प्रयोग हुन सक्छ । सम्पादकीयको लेखन शैलीलाई कुनै निश्चित सिद्धान्त अथवा नियमका आधारमा व्याख्या गर्न सकिँदैन तर यसलाई उत्कृष्ट बनाउनका लागि केही आदर्शहरू स्थापना गर्न भने सकिन्छ । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोसिस गरिन्छ । व्यक्तिपरक 'म' शैली छोडेर निर्वैयक्तिक वा समूहपरक हामीको प्रयोग यसमा गरिन्छ (लामिछाने र अन्य, २०६१:७९) । खास गरी सम्पादकीयको लेखन शैली सरल सरस र मिठासयुक्त हुनु पर्दछ ।

प्रत्येक सम्पादकको आफ्नो विशिष्ट व्यक्तित्व वा शैली हुन्छ । जुन सम्पादकीयमा झल्किन्छ (भानावत, १९९७:१२) ।

सम्पादकीय लेख्ने क्रममा सम्पादकहरूले विषय वस्तुको आवश्यकता अनुसार व्याख्यात्मक, वर्णनात्मक, तर्कपरक, औपचारिक, अनौपचारिक आदि विभिन्न शैलीको प्रयोग गर्न सक्दछन् । सम्पादकीय लेखनका तरिकाहरूमा प्रश्न गर्ने शैली, परामर्श दिने शैली, आलोचना गर्ने शैली, कुरा बुझाउने शैली, प्रशंसा गर्ने शैली, विश्वास गर्ने शैली, भिन्नता देखाउने शैली, घृणा गर्ने शैली, भविष्यवाणी गर्ने शैली, अनुरोध गर्ने शैली, रचनात्मक शैली आदि हुन्छन् (मेहता, १९९७:१७१) ।

माथि उल्लिखित शैलीहरूमध्ये प्रश्नात्मक शैलीलाई सम्पादकीय लेखको उपयुक्त शैली मानिदैन ।

प्रस्तुत शोधमा लमजुङ खबर दैनिक पत्रिकाको नमुना छनौटमा परेका २०६८ कार्तिक २० गते देखि २०६८ फागुन १० गतेसम्ममा प्रत्येक हप्ताको आइतबारको सम्पादकीयलाई लिइएको छ । नमुना छनौटमा परेमा १६ वटा सम्पादकीयलाई आधार मानी सम्पादकीयमा प्रयोग भएका शैलीलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. २**

**शैली सम्बन्धी विवरण**

| शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सूचना | ६ | ३७.५% |
| भिन्नता देखाउने | ३ | १८.७५ % |
| अनुरोध | २ | १२.५ % |
| आलोचना | २ | १२.५ % |
| सुझाव | ३ | १८.७५ % |
| जम्मा | १६ | १०० % |

माथिको तालिका अनुसार लमजुङ पत्रिकाको सम्पादकीय विभिन्न ५ शैलीमा लेखिएको छ । सूचना दिने शैलीमा ६ वटा अनुरोध शैली ६ वटा आलोचना गर्ने शैली २ वटा भिन्नता देखाउने शैलीमा २ वटा सुझाव दिने शैलीमा ३ वटा  सम्पादकीय लेखिएको पाइन्छ ।

यसरी हेर्दा लमजुङ खबर सम्पादकीयमा सूचना दिने शैलीको प्रयोग कार्तिक मङ्सिर, पुस र माघको अङ्कमा प्रयोग भएको छ । अनुरोध शैलीको प्रयोग कार्तिक र माघ अङ्कमा प्रयोग भएको छ भने पुस र माघ अङ्क आलोचना शैलीमा देखिन्छ । मङ्सिर, पुस र माघको अङ्कमा भिन्नता देखाउने मङ्सिर र फागुन अङ्कमा सुझाव दिने शैलीको प्रयोग भएको छ ।

## ५.३ संरचना

लमजुङ खबर दैनिकमा विभिन्न खालका संरचना भएका सम्पादकीय प्रयोग गरिएका छन् । सम्पादकीय धेरै लामो हुनु उपयुक्त हुँदैन । विचारलाई समेट्ने खालको सामान्यतया तीन अनुच्छेदको सम्पादकीयलाई उपयुक्त मानिन्छ । अध्ययनका लागि नमुना छनौट गरिएका लमजुङ खबरका सम्पादकीयलाई संरचनाका आधारमा निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ३**

**संरचना सम्बन्धी विवरण**

| संरचना | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ अनुच्छेद | १२ | ७५% |
| २ अनुच्छेद | ३ | १८.७५ % |
| ३ अनुच्छेद | १ | ६.२५% |
| **जम्मा** | **१६** | **१०० B** |

माथि उल्लेखित तालिका अनुसार नमुनामा परेका सम्पादकीयको आधारमा लमजुङ खबर दैनिकको सम्पादकीय १ देखि ३ अनुच्छेदसम्म लेखिएको पाइन्छ । अध्ययन अनुसार १ अनुच्छेदमा संरचित सम्पादकीय १२ वटा अर्थात ७५% २ अनुच्छेदमा संरचित सम्पादकीय ३ वटा अर्थात १८.७५ % र ३ अनुच्छेदमा संरचित सम्पादकीय १ वटा अर्थात ६.२५% रहेका छन् ।

यसरी हेर्दा सबैभन्दा बढी १ अनुच्छेदमा संरचित भएका सम्पादकीय देखिन्छ भने ३ वटा अनुच्छेदसम्म पनि संरचित सम्पादकीय रहको पाइन्छ । २ अथवा ३ अनुच्छेदमा संरचित सम्पादकीय संरचनाको हिसावले उपयुक्त मानिन्छ । नमुना छनौटमा परेका सम्पादकीयमध्ये पनि १ अनुच्छेदमा संरचित सम्पादकीय ७५% र ३ अनुच्छेदमा संरचित सम्पादकीय ६.२५% भएकोले लमजुङ खबर दैनिकको सम्पादकीय संरचनाको हिसाबले उपयुक्त देखिदैन । १, २, ३ अनुच्छेदमा संरचित सम्पादकीयलाई परिशिष्टमा राखिएका छन् ।

## ५.४ शीर्षक

लेख, रचना वा ग्रन्थ आदिको नाम नै शीर्षक हो (अधिकारी, २०६१:९४२) । कुनै लिखित अभिव्यक्तिको नाम नै शीर्षक हो । कुनै लिखित अभिव्यक्तिको सार वा तथ्यप्रति सङ्केत गर्दा छोटो पङ्क्तिको वाक्यांश वा शब्दलाई नै शीर्षक भनिन्छ । शीर्षक विषय वस्तुको समग्र प्रतिनिधित्व गर्ने सम्बन्धित विषयप्रति लेखकको झुकाव वा प्रकृत्ति बुझाउन सक्ने : प्रभावकारी र आकर्षक हुनु पर्दछ (लामिछाने र अन्य, २०६१:७३) । शीर्षक सरल, सुस्पष्ट र आकर्षक हुनु पर्दछ । शीर्षकहरू वाक्यात्मक नभएर पदावलीयुक्त हुनु पर्दछ । शीर्षकले पाठकलाई विषय वस्तुप्रति अभिरूचि पैदा गर्न सक्नु पर्दछ । शीर्षकले समाचारको सूक्ष्म विवरण वा सङ्केत दिन्छ । शीर्षकको उद्देश्य लेखको निचोड प्रस्तुत गर्नु, पत्रिकालाई आर्कषित बनाउनु समाचारको महत्त्व अवगत गराउनु र पाठकलाई पत्रिका किन्न प्रेरित गर्नु हो । शीर्षकमा सङक्षिप्तता, कलात्मकता र प्रभावकारिता हुनु पर्दछ ।

शीर्षक लेख्दा वर्तमान कालमा कर्तृवाच्यमा लेखिनु राम्रो हुन्छ । नेपाली भाषामा छापिने पत्रिकाको शीर्षकमा अङ्ग्रेजी शब्दको प्रयोग गर्नु हुँदैन । शीर्षकमा व्यक्तिवाचक र सङ्क्षिप्त नाम सङ्केतसम्म प्रयोग गरिनु हुँदैन (खनाल, २००८:१८८) । क्रियापद र नामयोगीबाट शीर्षक सुरू गर्नु हुँदैन । सम्पादकीयको शीर्षक छोटो, मिठो र जनसाधारणले बुझ्ने भाषामा हुनुपर्दछ । शीर्षकले विषय वस्तुको पूर्ण प्रतिनिधित्व गुर्न पर्दछ (खनाल, २००८:१८८) ।

प्रस्तुत शोधपत्रमा लमजुङ खबर दैनिकको सम्पादकीयको शीर्षकलाई शब्द सङ्ख्याको आधारमा अध्ययन गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ४**

**शीर्षक शब्द सम्बन्धी विवरण**

| शीर्षक शब्द सङ्ख्या | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २ शब्द | २ | १२.५ % |
| ३ शब्द | ८ | ५०% |
| ४ शब्द | १ | ६.२५% |
| ५ शब्द | ३ | १८.७५ % |
| ७ शब्द | २ | १२.५ % |
| **जम्मा** | **१६** | **१०० B** |

माथि उल्लेखित तालिका अनुसार नमुना छनौटमा परेका लमजुङ खबर दैनिकका १६ वटा सम्पादकीयमा २, ३, ४, ५ र ७ शब्दका शीर्षकहरू प्रयोग भएको पाइन्छ । जसअनुसार २ शब्द प्रयोग भएका शीर्षक ८ वटा अर्थात ५०% रहेका छन् । ४, ५ र ७ अङ्कका सम्पादकीयहरू क्रमशः १, ३ र २ रहेका छन् । लमजुङ खबर दैनिकको सम्पादकीय प्राय ३ अक्षरमा रहेका छन् । यी शीर्षकका उदाहरण परिशिष्टमा दिइएको छ ।

## ५.५ शब्द भण्डार

कुनै पनि भाषामा रहेका शब्दहरूको भण्डार नै शब्द भण्डार हो । शब्द भाषाको आधारभूत तथा लघुत्तम एकाइ हो । सामान्यतया ध्वनीको श्रावणिक कार्यमा सघाउने अवयव कानद्वारा सुनिने सार्थक आवाजलई शब्द भनिन्छ । एक वा एकभन्दा बढी वर्णहरूद्वारा शब्दको निर्माण हुन्छ र रचनाका दृष्टिले वाक्यमा शब्दको मुख्य स्थान हुन्छ । भाषाका आधारभूत सिपहरू, सुनाइ, बोलाइ, पढाइ, लेखाइमा क्षमता बढाउन शब्दले मुख्य भूमिका खेल्दछन् । वाक्यक्रियाको सशक्त विस्तारसँगै भाषाको विस्तार पनि हुन्छ । भाषालाई जीवित राख्ने प्रयास गर्नु पर्दछ अन्यथा शब्द र भाषाको अस्तित्व नै खतरामा पर्न सक्छ ।

कुनै पनि भाषामा भएका र त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको समष्टि नै शब्द भण्डार हो (भण्डारी, २०६०:४५) । शब्द भण्डारका सापेक्षतामा वाक्यमा कुन शब्द, कुन अर्थमा कसरी प्रयोग भएको छ कुन शब्दको कसरी प्रयोग भएको छ र कुन शब्दको काम के कस्तो हुन्छ भन्ने कुरा थाहा पाउन शब्द र तिनका विषयमा उपयुक्त जानकारी हुन अत्यावश्यक हुन्छ । शब्द भण्डारको छनौट गर्दा संरचनात्मक प्रकृतिका शब्दहरूलाई आधारभूत शब्द ठानी प्राथमिकताका साथ छनौट गर्नु पर्दछ । रूपायन लिने शब्दलाई भन्दा व्युत्पादनात्मक शब्दलाई विशेष प्राथमिकता दिनुपर्छ । लक्षित पाठकको रुचि, क्षमता, स्तर र आवश्यकता अनुरूप शब्दहरूको छनौट, स्तरण र नियन्त्रण गरेर विचार विनिमयको क्षमता अभिवृद्धि गराउने पहल गरिनु पर्छ ।

भाषामा सबै शब्दहरू उस्तै प्रकृतिका हुँदैनन् । कुनै शब्दहरू यस्ता हुन्छन् जो एउटै शब्दले पनि विभिन्न संरचनात्मक आकृति देखाउँछन् अनि त्यस्ता शब्दहरू बेग्लाबेग्लै अर्थ र अभिप्राय बहन गरेर प्रयोगमा आउछन् । प्रसङ्ग अनुसार शब्दले दिएको अर्थ बुझ्नका लागि पनि शब्द भण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ । शब्द भण्डार अन्तर्गत जति नाम वर्गका

शब्दहरूमा छनौटको विकल्पहरूको सम्भावना प्रशस्त मात्रामा हुन्छ । त्यति अन्य वर्गमा हुँदैन । क्रियायोगी, क्रियापद, विशेषण नामवर्गमा पर्ने कोशीय शब्दहरूको छनौटका विकल्प धेरै हुन्छन् । सर्वनाम, नामयोगी, संयोजक, क्रियायोगी निपात जस्ता शब्दहरू शब्द भण्डारका दृष्टिले न्युन हुन्छन् ।

संरचनाका आधारमा शब्दहरू अव्युत्पन्न र व्युत्पन्न गरी दुई किसिमका हुन्छन् । व्युत्पन्न शब्दले कुनै तत्व (धातु, प्रातिपादिक र अन्य) मा उपसर्ग र प्रत्यय लागेर बनेका वा समास द्वित्व आदिद्वारा बनेका शब्दलाई जनाउँछ भने अव्युत्पन्न शब्दले उक्त कुनै पनि प्रक्रियामा संलग्न नभएको वा उपसर्ग, प्रत्यय आदि नलागेको शब्दलाई जनाउँदछ (अधिकारी, २०६३:८०) ।

स्रोतका आधारमा शब्दलाई तत्सम, तद्भव र आगन्तुक गरी छुट्याइएको छ । संस्कुत भाषाबाट ध्वनि परिवर्तन नभई जस्ताको तस्तै नेपालीमा आएको शब्द तत्सम हो भने संस्कृतबाट ध्वनि परिवर्तन गरेर आएको तद्भव हो । अन्य भाषाबाट आएका भाषाबाट शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ ।

नमुना छनौटमा परेका १० वटा लमजुङ खबर दैनिकका सम्पादकीयहरूलाई शब्द संरचनाका आधारमा व्युत्पन्न र अव्युत्पन्न र स्रोतका आधारमा तत्सम तद्भव र आगन्तुक गरी यसरी हेर्न सकिन्छ ।

### ५.५.१ संरचनाका आधारमा शब्द भण्डार

#### क) व्युत्पन्न शब्द

रचना वा बनोट हुने शब्दलाई व्युत्पन्न भनिन्छ । व्युत्पन्नको अर्थ बनेको वा निर्माण गरिएको भन्ने हो । यो अरू कुनै शब्दमा उपसर्ग, प्रत्यय आदिका योग भई निर्मित वा व्युत्पादित हुन्छ (शर्मा, २०५९:५८) । यी शब्दहरू टुक्रयाउन सकिन्छ ।

#### ख) अव्युत्पन्न शब्द

रचना वा बनोट नहुने शब्दलाई अव्युत्पन्न वा मूल शब्द भनिन्छ । यो शब्द अरू कुनै शब्दबाट व्युत्पन्न हुँदैन । यो शब्द टुक्र्याउन सकिँदैन ।

लमजुङ खबर दैनिकको सम्पादकीयमा भएका व्युत्पन्न र अव्युपन्न शब्दलाई हेर्दा अव्युत्पन्न वा मूल शब्दको तुलनामा व्युत्पन्न शब्दहरूको बढी प्रयोग भएको पाइन्छ ।

नमुना छनौटमा परेका १६ वटा सम्पादकीयमा भएका शब्दलाई टिपोट गर्दा जम्मा ५७६० शब्दमा २९४५ व्युत्पन्न र २८१५ शब्द अव्युत्पन्न रहेका छन् । जसलाई प्रतिशतको आधारमा निम्न तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ५**

**शब्द प्रकार सम्बन्धी विवरण**

| शब्द प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्युत्पन्न | २९४५ | ५१.१३ % |
| अव्युत्पन्न | २८१५ | ४८.८७ % |
| **जम्मा** | **५७६०** | **१००** B |

उपयुक्त तालिका अनुसार लमजुङ खबरको सम्पादकीयमा व्युत्पन्न शब्द ५१.१३ % र अव्युत्पन्न शब्द ४८.८७ % प्रतिशत रहेको पाइयो ।

संरचनात्मक दृष्टिले व्युत्पन्न शब्दरू विभिन्न प्रकारले बनेका छन् । उपसर्ग प्रत्यय (कृत प्रत्यय र तद्धित प्रत्यय) समास, द्वित्व, अनुकरणात्मक नाम धातु आदि प्रक्रियाबाट बनेका शब्दहरू सम्पादकीयमा प्रयोग भएका छन् जसको उदाहरण तल प्रस्तुत गरिएको छ ।

**१. उपसर्ग प्रक्रिया**

अभि + यान - अभियान (आइतबार ११, मङ्सिर २०६८)

बे + रोजगारी - बेरोजगारी (आइतबार ७, फागुन २०६८)

सम + वृद्धि - समृद्धि (आइतबार २९ माघ २०६८)

वि + नियोजन - विनियोजन (आइतबार १५ माघ २०६८)

आ + योग - आयोग (आइतबार १ माघ २०६८)

प्रति + इच्छा - प्रतिक्षा (आइतबार १ माघ २०६८)

निर् + वाचित - निर्वाचित (आइतबार ८ माघ २०६८)

**२. प्रत्यय प्रक्रिया**

**क) कृत प्रक्रिया**

गर + एका - गरेका (आइतबार १ माघ २०६८)

पर + एको - परेका (आइतबार २४ पुस २०६८)

समेटी + एको - समेटिएको (आइतबार २५ मङ्सिर २०६८)

हु + यो - भयो (आइतबार १७ पुस २०६८)

मनाउ + दै - मनाउदै (आइतबार १० पुस २०६८)

**ख) तद्धित प्रक्रिया**

धर्म + इक - धार्मिक (आइतबार १० पुस २०६८)

आवश्यक + ता - आवश्यकता (आइतबार २० कार्तिक २०६८)

प्राथमिक + ता - प्राथमिकता (आइतबार २७ कार्तिक २०६८)

गणतन्त्र + इक - गणतान्त्रिक (आइतबार २७ कार्तिक २०६८)

राष्ट्र + इय - राष्ट्रिय (आइतबार ३ पुस २०६८)

**३. समास प्रक्रिया**

बिउबिजन (आइतबार २० कार्तिक २०६८)

मन्त्री परिषद (आइतबार २७ कार्तिक २०६८)

आत्मालोचना (आइतबार ३ पुस २०६८)

संविधान सभा (आइतबार २७ कार्तिक २०६८)

माओवादी (आइतबार १७ पुस २०६८)

**४. द्वित्व प्रक्रिया**

बचेखुचेको (आइतबार २० कार्तिक २०६८)

सरसहयोग (आइतबार ४ मङ्सिर २०६८)

पटकपटक (आइतबार २७ कार्तिक २०६८)

मेलमिलाप (आइतबार १७ पुस २०६८)

यो विभिन्न प्रक्रियाबाट शब्दहरू निर्माण भएका छन् । यी शब्दहरूलाई परिशिष्टबाट पनि हेर्दा सकिन्छ । संरचनाका आधारमा भएका व्युत्पन्न र अव्युत्पन्न शब्दहरूमध्ये केही शब्दहरूलाई नमुनाका रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

| व्युत्पन्न | अव्युत्पन्न |
|---|---|
| अराजकता | रद्द |
| अस्वस्थ | राज्य |
| अस्वीकार | सरकार |
| अस्थायी | सेवा |
| अमान्य | संस्था |
| अवधारणा | संसद |
| अत्यावश्यक | सडक |
| अखडा | समय |
| आदेश | घटना |
| आन्दोलनकारी | बैना |
| आधिकारिक | बम |
| उपकुलपति | बार |
| केन्द्रीय | बल |
| कार्यधिकार | दवाव |
| ग्रामीण | दल |
| गैरजिम्मेवार | असुल |
| जनमुखी | अढाइ |
| जनप्रतिनिधि | अन्य |
| दुरावस्था | अति |
| धर्मालम्बी | भाडा |
| नागरिक | नेपाल |
| न्यायलय | नीति |
| निर्वाचित | जागिर |
| पटकपटक | जहाज |
| प्रमाणित | क्षति |
| प्रशासनिक | वायु |

| | |
|---|---|
| बेग्लाबेग्लै | वर्ष |
| बहुमत | पेस |
| महानगर | फोहोर |
| महानगरपालिका | नियन्त्रण |
| रणनिति | विवाद |
| राजनीतिक | विधि |
| लोकनान्त्रिक | चित्त |
| वैकल्पित | गिरोह |
| व्यवस्थापिका | लेखा |
| व्यवहारिक | यात्रु |
| विसङ्गति | यात्रा |
| विश्वसनीय | यातायत |
| स्वभाविक | एक |
| संसदीय | कारण |
| संवैधानिक | कानुन |
| समृद्धि | तर्क |
| साझाविन्दु | गरेर |
| सार्वजनिक | गठन |
| सक्रियता | खरिद |
| | हरेक |
| | थलो |

### ५.५.२ स्रोतका आधारमा शब्द भण्डार

कुनै पनि भाषामा पाइने र प्रयुक्त हुने यावत शब्दहरूको समूहलाई शब्द भण्डार भनिन्छ । कुनै वस्तुको उत्पत्ति ठाउँ वा मुहानलाई स्रोत भनिन्छ । भाषा विज्ञानमा भाषाले जहाँबाट शब्द प्राप्त गर्छ त्यस मुहान वा ठाउँलाई स्रोत वा शब्द स्रोत भनिन्छ .(शर्मा २०५९:५६) । शब्द स्रोत भाषाको आफ्नै निजी पनि हुन्छ अन्य विभिन्न भाषा पनि हुन्छ ।

स्रोतका आधारमा शब्दहरू मुख्यतः दुई वर्गका हुन्छन् । एउटा मौलिक शब्द र अर्को आगन्तुक शब्द ।

**क) मौलिक शब्द**

कुनै भाषाको आफ्नै स्रोतका शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषामा संस्कृत स्रोतबाट आएका शब्दलाई मौलिक वर्गमा राखिन्छ र मौलिक नेपाली शब्द मानिन्छ । संस्कृत स्रोतबाट नेपालीमा आएका मौलिक शब्दलाई तत्सम र तद्भव गरी दुई प्रकारमा विभाजित गरिन्छ ।

**अ) तत्सम शब्द**

संस्कृत भाषाबाट जस्ताको तस्तै नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । यस्ता शब्लहरू लेख्दा सामान्यतया हिज्जे फेरिएको हुँदैन ।

**आ) तद्भव शब्द**

संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंशको स्रोतबाट रूप फेरेर नेपालीमा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली भाषामा तत्सम र तद्भव शब्दहरूको ठूलो भण्डार रहेको छ ।

**ख) आगन्तुक शब्द**

कुनै भाषामा अन्य भाषामा स्रोतबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । अन्य भाषाबाट शब्द आउने प्रक्रियालाई अगमन भनिन्छ । यस प्रक्रियाबाट आउने आगन्तुक शब्दलाई सापटी शब्दको संज्ञा दिइन्छ (शर्मा २०५९:५७) । देश बाहिरका अन्य भाषाका साथै नेपालमा बोलिने राष्ट्रिय भाषाबाट आएका शब्दलाई पनि यसै वर्गमा राखिन्छ ।

लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा पनि तत्सम्, तद्भव र आगन्तुक तिनै शब्दको प्रयोग भएको पाइएको छ । नमुना छनौटमा परेका १६ वटा सम्पादकीयको अध्ययन गर्दा सबैभन्दा बढी तत्सम शब्द र त्यसपछि क्रमश : तद्भव र आगन्तुक शब्दको प्रयोग भएको छ । सम्पादकीयमा प्रयुक्त शब्दहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूमध्ये केही शब्दहरूलाई उदाहरणको लागि यहाँ प्रस्तुत छ :

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| अध्ययन, अपराध, अवधि, | अगाडि, अचम्म, अचानक, | अनगिन्ती, अदालत, अनमिन, |
| असुरक्षा, अर्थात, अर्थ, | अझ, अव, अपनाउनु, अरू, | अझ, आवाज, ऐजेन्डा, |
| अवरोध, अवस्था, असफलता, | अलि, अलिकति, आ-आफ्नो, | ऐनकानुन, असल, अस्पताल, |
| अध्ययन , अपराध, अध्यक्ष, | आज, आफू, आफ्नो, आधा, | आपस, आम्दानी, आवाज, |
| अधिकार, अङ्ग, अभिव्यक्ति, | अडान, अन्तर्राष्ट्रिय, | ऐन, उमेदवार, इमान्दारी, |
| अयोग्य, अस्थायी, | असमझदारी, अहिले, अन्योल, | कंग्रेस, औसद, कमजोर, |
| अस्वभाविक, अग्रगामी, | अंसवैधानिक, औल्याउनु, | औसद, इनाम, कमजोर, |
| अवकाश, अव्यवहारिक, | आगट्नु, ओगट्नु, अरू, एक, | कदम, कदर, कम्प्युटर, |
| अनावश्यक, अनिश्चित, | एउटा, उही, उस्तै, उचित, | कारवाही, कैफियत, कायम, |
| अनियमितता, अनुभव, | एका, उठान, ओगट्नु, | करिव, कम्युनिस्ट, कब्जा, |
| अन्यथा, अभाव, अप्रमाणित, | उठाइनु, करोड, कमी, कसरी, | कागज, कागजात, कार्ड, |
| अथवा, अनुकूल, अन्तर्वार्ता, | केही, काम, कामदार, किसान, | कुर्सी, कोटा, कोसिस, |
| अभिव्यक्ति, अभाव, अतिरिक्त, | कुरा, कुनै, कुराकानी, केवल, | क्यासिकल, किनार, कायम, |
| अभियान, अग्रणी, आलोचना, | कतै, किन, कोही, किटान, | किफायत, कानुन, कानुनी, |
| आधिकारिक, आर्थिक, | कमजोरी, खट्नु, खस्नु, खाँचो, | खराव, खर्च, खतरा, खरिद, |
| आन्दोलन, आस्था, आधारभूत, | खाता, खुला, ख्याल, खोजी, | खुलासा, खारेज, खुलस्त, |
| आकृष्ट, आन्तरिक, आधुनिक, | खोज्नु, खट्नु, खस्नु, खपत, | खुसी, खुसीयाली, खास |
| अनुभव, अभिरूचि, असहमति, | खुला, खोजी, खेलाउनु, | खाका, गरिव, गलत, गल्ती, |
| अवसर, आदि, आरम्भिक, | खोजीनीति, खोस्नु, गठन, | गैरजिम्मेवार, गैर, गैरकानुनी, |
| आदर्श, आत्मसात, अखडा, | गठबन्धन, गर्नु, गठित, गहिरो, | ग्रुप, ग्लास, गिफ्ट, चलाख, |
| असहमति, अस्वीकृत, | गुट, गिरावट, घटाउनु, | चलाखी, जावफदेही, जरिवाना, |
| अतिरिक्त, अप्रमाणित, अन्त्य, | घटीवढी, घमण्ड, घाटा, | जरूरी, जवाफ, जवरजस्ती, |
| अवलोकन, आकर्षित, | घुमफिर, घोचपेच, चलाउनु, | जिन्दगी, जिल्ला, जिम्मेवार, |
| अस्थायी, असुविधा, आयोजक, | चम्कनु, चल्ने, चढ्नु, चाँही, | जोखिम, जोड, ज्यादै, जोस, |
| आयोजित, आवश्यक, | चिसो, चुनाव, चुपचाप, | झन्डा, टाइम, टिकट, टेबुल, |
| आश्चयै, आस्था, | चेतनावनी, चौडाइ, चिनारी, | टेलिफोन, टेवल, डेभलपमेन्ट, |

| | | |
|---|---|---|
| आत्मसन्तुष्टि, आरम्भ, इच्छा, | चौतर्फी, चुनौती, चुक्यो, | डकुमेन्ट, डाक्टर, ड्युटी, तर्फ, |
| इतिहास, उग, उत्कृष्ट, | छड्के, छनौट, छरितो, | तलब, तस्विर, तयार, तह, |
| उत्साह, उदाहरण, उपयोगी, | छलफल, छानविन, | तैनाथ, तहगत, दफा, |
| उपयुक्त, उपलब्ध, उपयोग, | छुट्टाछुट्टै, छिमेकी, छैटौ, | दरखास्त, दरबन्दी, दुनिया, |
| उपलब्धि, एकता, ऐतिहासिक, | छोप्न, जनाउनु, जताततै, | दिमाग, दस्तावेज, दलाल, |
| औचित्य, कठिन, काम, कर्म, | जति, जतिसुकै, जम्मा, जाँच्नु, | नजिक, नजरअन्दाज, नम्बर, |
| कर्मचारी, कार्य, कार्यकाल, | जानकरी, जनाधिकार, | नक्कल, नारा, नतिजा, नजिर, |
| कार्यक्रम, कार्यालय, केन्द्रित, | जथाभावी, जनआकक्षा, | निगरानी, नारावाजी, पार्टी, |
| केन्द्रीय, क्रमश, क्रिया, | जुनसुकै, जोगिनु, जनाधिकार, | पैसा, पहिचान, पोस्टर, पेस्ट, |
| क्रियाकलाप, केन्द्रविन्दु, | झन, झन्डै, झस्कनु, झुकाव, | पोजेटिभ, प्रेस, प्रमोसन, |
| कार्यसमिति, कार्यान्वयन, | झमेला, झिनो, टाढा, टार्नु, | प्राइभेट, प्रेरणा, फरक, |
| कारण, क्रान्तिकारी, | टिपोर्ट, टोली, टुङ्गो, ठप्पै, | फाइदा, फारम, फैसला, फोन, |
| कार्यकलाप, कार्यदल, कृषि, | ठाउँ, ठाडै, ठान्न, ठीक, ठूला, | फुर्सद, बधाइ, बन्द, |
| कृशलता, कार्याधिकार, क्षेत्रीय, | ठूलो, ढाँचा, ढिलो, तथा, | बमोजिम, बहस, बानी, |
| क्षेत्र, खण्डन, गणतन्त्र, गति, | तयारी, तराइ, तुरून्त, त्यस्तो, | बराबर, बेइमान, बेफाइदा, |
| गतिरोध, गतिशिल, गम्भीर, | त्यो, थप, थाक्नु, थाहा, थोरै, | वेपत्ता, बजेट, बजार, बोर्ड, |
| ग्रसित, ग्रामीण, गृहकार्य, | दर्ता, दिनहुँ, दोहोरो, द्वारा, | बयान, भत्ता, मजदुर, मतलव, |
| गोष्ठी, घटना, घनिष्ट, घृणा, | धेरैजसो, धैर्य, नया, नराम्रो, | मञ्जुर, मर्मत, मस्यौदा, |
| घोषित, घोषणा, चयन, चरण, | निचोड, निस्कनु, निस्कुन, | महसुस, मात्र, माफी, मिसन, |
| चरित्र, चर्चा, चिन्ता, चेतना, | पहाडि, पछि, पक्राउ, पाउनु, | मुद्दा, मुस्किल, मौका, मुलुक, |
| जटिल, जटिलता, जनक्रान्ति, | पुग्नु, प्रायजसो, फरक, फिर्ता, | म्याद, युनियन, रसिद, रिक्त, |
| जनता, जनपथ, जनप्रतिनिधि, | बचाउनु, बढी, बढाउनु, बरू, | लगायत, लाभबद्ध, वकालत, |
| जनप्रशासन, जनसङ्ख्या, | बाट, बाहेक, बीच, बुँदा, | सरकारी, सर्त, सही, |
| जीवन, जागरूक, जातिभेद, | बुझ्नु, बैठक, भनाइ, भयो, | सरोकारवाला, संविधान, |
| ज्ञापन, टिप्पणी, तटस्थ, | भरखर, भित्र, भेटवार्ता, | सायद, सिफारिस, सोसाइटी, |
| तत्काल, तल्कालिन, तत्परता, | माओवादी, भाग्नु, माथि, | हरेक, हैसियत, हौसला, होटल, |
| तर्क, तर्कसङ्गत, तात्पर्य, | यद्यपि, यसप्रकार, रहनु, राम्रो, | हुकुम, हतियार |
| तार्किक, त्याग, त्याग, त्तास, | रोक्नु, लगभग, लडाकु, | |

| | | |
|---|---|---|
| दक्ष, दण्ड, दीर्घसेवा, दुःख, दुःखदायी, दुर्घटना, दुर्बलता, दुर्भाग्य, दुतावास, दुर्व्यवहार, दृढता, दृष्टिकोण, दैनिक, द्वन्द्व, द्विविधा, धन्यवाद, धारणा, धैर्य, ध्यानाकर्षण, ध्वनि, नवीन, निकट, निकाय, नियन्त्रण, निरन्तर, निराकरण, निरीक्षण, निर्णय, निर्धारण, निष्पक्ष, नीति, फलस्वरूप, बहिष्कार, बाध्यता, बौद्धिक, भविष्य, भाग, नेता, नेतृत्व, निर्देशन, निवारण, निर्यात, निस्कृय, निमित्त, निर्देशन, निहीत, न्यून, पक्षपात, पद, पदाधिकारी, परम्परा, परिचर्चा, परिमार्जन, परिवर्तन, परिस्थिति, पीडित, पुनरावृत्ति, पुर्ननिर्माण, पूर्वाधार, पृष्ठभूमी, प्रकरण, प्रकार, प्रकाशन, प्रकृति, प्रकृया, प्रचार, प्रणाली, प्रतिकृया, प्रतिनिधि, प्रतिष्ठा, प्रतिस्पर्धा, प्रत्येक, प्रधान, प्रभावकारिता, प्रयोजन, प्रवृत्ति, प्रवेश, प्रशंसा, प्रशासनिक, प्रस्ताव, पस्तुत, प्रचीन | लगानी, लड्नु, लागि, लामो, लिनु, लेख्नु, वास्तवमा, सगै, सजिलो, सधै, सम्म, सानो, सिक्नु, सिप, सोध्नु, हटाउनु, | |

# अध्याय : छ

# वाक्य संरचना र वाक्य कोटिको अध्ययन

## ६.१ वाक्य कोटिका आधारमा विश्लेषण

कोटिहरूले शब्दलाई पद बनाउँछन् र वाक्यमा प्रयोग योग्य तुल्याउँछन् । यिनबाट व्याकरणिय अर्थ (लिङ्ग, वचन, आदि) को अभिव्यक्ति हुन्छ । यिनैबाट शब्दहरूमाभm रहेको अन्तरसम्बन्ध र शब्दका वाक्यका कार्यको बोध हुन्छ । प्रस्तुत शोधपत्रमा वाक्य कोटि अन्तर्गत काल, पक्ष, वाच्य ध्रुवीयताको बारेमा मात्र चर्चा गरिएको छ ।

### ६.१.१ काल

क्रियापदले वर्णन गरेको काम वा अवस्थाको समय काल हो । क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा अवस्थाको समयमाभm हुने सम्बन्धलाई काल भनिन्छ । (शर्मा २०५९:२३४) । यस्तो काल नेपालीमा दुई किसिमले व्यक्त हुन्छ । (अभूत काल र भूतकाल) पहिलो वा बितिसकेको समयमा काम हुने, भइसकेको, हुने बानी परेको र भइसकेका कुरा पछि थाहा भएको बुभmाउने क्रियापदको समयलाई भूत काल भनिन्छ (बराल र एटम २०६६:११९) ।

अहिलेको समयमा काम हुने हुँदै गरेको, भइसकेर पनि बाँकी रहेको र पछि आउने समयमा काम हुने बुभmाउने क्रियापदको समयलाई अभूत काल भनिन्छ । अभूत काल अन्तर्गत वर्तमान काल र भविष्यत काल पर्दछन् ।

नमुना छनौटमा परेका लमजुङ खबर दैनिकको सम्पादकीयको अध्ययनका क्रममा भूत कालीन र अभूत कालीन दुवै प्रकारका वाक्यहरू प्रयोग भएको छ । अध्ययनमा भूत कालका तुलनामा अभूत कालका वाक्यहरू धेरै रहेका छन् । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ६**

**काल सम्बन्धी विवरण**

| काल | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भूत | २० | ५.४३ % |
| अभूत | ३१३ | ९४.५७ % |
| **जम्मा** | **३३३** | **१०० %** |

माथिको तालिकामा हेर्दा प्रस्तुत अध्ययनमा भएको जम्मा भएका जम्मा ३३८ वाक्यहरूमध्ये ३४८ वटा अर्थात ९४.५७% वाक्य वाक्य अभूत कालका अर्थात् ५.४३% वाक्यहरू भूत कालका रहेका छन् ।

**भूत कालका केही उदाहरणहरू :**

क) केही स्थानमा स्थानीय निकायको विकास निर्माणको लागि विनियोजित रकम दलित भागबन्डाका आधारमा बाँडीचुडी गरी खाने प्रचलन विकराल रूपमा बढ्दै आएको थियो । (स्थानीय निकायमा अन्योल - आइतबार, २४ पुस, २०६८)

ख) यसै समयमा राजा महेन्द्रलाई २०१७ साल पुस १ गते 'कु' गर्न सजिलो भयो । (दलहरूको एकताको खाँचो आइतबार, ८ माघ, २०६८)

ग) भर्खरैको कुरालाई लिने हो भने लगानीलाई प्रवर्द्धन गर्ने खालका तिन वटा विधेयक सत्तारूढ दलकै कारण अलपत्र परे । (लगानी मैत्री वातावरण - आइतबार, ७ फागुन, २०६८)

घ) यसै उद्देश्यका साथ जनआन्दोलन - २ ले प्राप्त गरेका राजनीतिक उपलब्धिलाई संस्थागत गर्न संविधान सभा सम्पन्न भएको थियो । (नेपाली समाजको गरिवी र राजनीति आइतबार, २९ माघ, २०६८)

ङ) सन् २०११ को पहिलो महिनामा नै अनमिन बिदाइको औपचारिक घोषणा भयो । (नयाँवर्ष र मेलमिलाप नीति - आइतबार, १७ पुस, २०६८)

**अभूत कालका केही उदाहरणहरू :**

क) नयाँ वर्षको अवसरमा शनिवार रातिदेखि नै विश्वभर हर्षोल्लासका साथ मनोरञ्जनात्मक कार्यक्रम भइका छन् । (नयाँवर्ष र मेलमिलाप नीति - आइतबार, १७ पुस, २०६८)

ख) विशेष समितिका सदस्यहरू विदेश गएका कारण वैठक बस्न नसकेको सर्वविदितै छ । (नेताहरूको विदेश शयर - आइतबार, २७ कार्तिक, २०६८)

ग) इसाई समुदायले आज क्रिसमस दिवस प्रार्थना, खुसीयाली साटासाट तथा विविध कार्यक्रम सहित मनाउँदै छन् । (क्रिसमसको शुभकामना - आइतबार, १० पुस, २०६८)

### ६.१.२ पक्ष

पक्ष पनि क्रियामा व्यक्त हुने व्याकरणत्मक कोटि हो । यस कोटिको सम्बन्ध क्रियामा कालसँग छ । यसलाई यस्तो व्याकरणात्मक रीत वा ढङ्ग भनिन्छ जसद्वारा क्रियामा वर्णित व्यापारको काल सम्बन्धी अनुभव वा मान्यता (पूर्ण, अपूर्ण आदि) अभिव्यक्त हुन्छ । पक्षलाई क्रियाकै आन्तरिक तत्त्व पनि भनिन्छ । अथवा काललाई समयको सामान्य विभाजनको रूपमा र पक्षलाई त्यसको विशेष विभाजनको रूपमा मानिन्छ । अभूत कालका पक्षहरू सामान्य, पूर्ण र अपूर्ण गरी तिन प्रकारका छन् भने भूत कालका पक्षहरू सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त र अज्ञात गरी ५ प्रकारका छन् ।

अध्ययनका लागि छनौट गरिएका सम्पादकीयमा रहेका कुल ३३३ वाक्यहरूमा सबैभन्दा धेरै पूर्ण पक्ष रहेको छ । त्यसपछि सामान्य र अपूर्ण पक्ष रहेको छ । अभ्यस्त पक्ष र अज्ञात पक्षको वाक्यको संख्या शून्य रहेको देखिन्छ । जसलाई तलको तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका नं. ७**

**पक्ष सम्बन्धी विवरण**

| पक्ष | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | १५७ | ४०.७१ % |
| पूर्ण | १७२ | ५८.०९ % |
| अपूर्ण | ४ | १.२० % |
| अभ्यस्त | ० | - |
| अज्ञात | ० | - |
| **जम्मा** | **३३३** | **१००** |

तालिका अनुसार सामान्य पक्षका वाक्यहरूको सङ्ख्या १५७ अर्थात ४०.७१ %, पूर्ण पक्षको १७२ अर्थात ५८.०९ % , ४ वटा अर्थात १.२० % अपूर्ण पक्षका वाक्यहरू रहेका छन् । नमुना छनौटमा रहेका सम्पादकीयमा अभ्यस्त पक्ष र अज्ञात पक्षका वाक्यहरू भेटिएन । सामान्य पक्ष, पूर्ण पक्ष, अभ्यस्त पक्षको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सामान्य पक्ष**

क) वर्षा भरिको दुःखझेलो गरी रोपेको पहेंलो भएर झुल्दा किसान हर्षित नहुने त कुरै भएन । (असिना पीडित किसानलाई राहत देऊ - आइतबार, २० कार्तिक, २०६८)

ख) देशको पर्यटन र आर्थिक विकासको ढोका खोल्न सडकले मद्दत पुऱ्याउँछ । (बेसी शहर चामे सडक - आइतबार, १५ माघ, ३०६८)

ग) माया ममता एवम् आत्म सम्मानको रक्षा यस संरचनाभित्र हुने मान्यता राखिन्छ । (महिला, शान्ति र घरेलु हिंसा - आइतबार, २५ मङ्सिर, २०६८)

घ) संविधान सभा विवाद समाधान उपसमितिको शुक्रबारको बैठकले संविधान लेखनका लागि सो कार्य तालिका सबन्धी प्रारम्भिक प्रस्ताव तय गरेको आधार मान्ने हो भने अवको ६ महिना संविधान बन्नेमा आशावादी बन्न सकिन्छ । (संविधान निर्माको कार्यतालिका - आइतबार, १८ मङ्सिर, २०६८)

**पूर्ण पक्ष**

कुनै काम अहिले, पहिले वा पछिको समयम पूरा भइसकेको वा हुने अवस्थालाई जनाउने क्रियापदको पक्षलाई पूर्ण पक्ष भनिन्छ । पूर्ण पक्ष जनाउनका लागि धातुमा 'एको' जोडिएर क्रियापदहरू बन्दछन् । अध्ययनको क्रममा रहेका पूर्ण पक्षका केही वाक्यहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

क) कर्मचारीबाट स्थानीय निकाय सञ्चालन हुँदा सही काम हुन नसकेको भ्रष्टाचार बढेको कारण देखाई दलीय संयन्त्र बनाइदिएको भए पनि दलीय संयन्त्र समेत विसङ्गति, विकृतिको धाप कसेर फसेकाले स्थिति विडम्वनापूर्ण बनेको छ । (स्थानीय निकायमा अन्योल - आइतबार, २४ पुस, २०६८)

ख) सो अवसरमा भएका कार्यक्रममा शीर्ष नेताहरूले शान्ति र संविधान निर्माणमा जोड दिएका छन् । (नयाँ वर्ष र मेलमिलाप नीति - आइतबार, पुस, २०६८)

ग) यो वा त्यो मात्र होइन जो सुकै नेता पनि आफूले आफैलाई मात्र ठूलो र महान् ठान्ने प्रवृति झनझन झयाङ्गिदै गएको छ । (अझै ठाउँ बाँकी छ मुलुक सपार्ने ? आइतबार, ३ पुस, २०६८)

घ) छोरा वा छोरी पाउने कुरामा बाबुको शुक्रकिटमा मात्र भर पर्छ तर त्यो कुरा नबुझेर हाम्रो समाजका छोरी पाउने महिलामाथि अमानवीय व्यवहारमात्र हुने गरेको छैन । (महिला हिंसा दिवस - आइतबार, ११ मङ्सिर, २०६८)

ङ) यसै उद्देश्यका साथ जनआन्दोलन - २ ले प्राप्त गरेका राजनीतिका उपलब्धिलाई संस्थागत गर्न संविधान सभाको निर्वाचन समपन्न भएको थियो । (नेपाली समाजको गरिवी र राजनीति - आइतबार, २९ माघ, २०६८)

**अपूर्ण पक्ष**

कुनै काम अहिले पहिले वा पछिको समयमा निरन्तर भइरहने अवस्था जनाउने क्रियापदको पक्षलाई अपूर्ण पक्ष भनिन्छ । अपूर्ण पक्ष जनाउनका लागि धातु मा 'दै' प्रत्यय जोडिएर क्रियापदहरू बन्दछन् । अध्ययनको क्रममा रहेका अपूर्ण पक्षका केही वाक्यहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

क) यस दिवसलाई लमजुङमा पनि मनाइदै छ । (महिला हिंसा दिवस आइतबार, ११ मङ्सिर, २०६८)

ख) इसाई समुदायले आज क्रिसमस दिवस प्रार्थना, खुसीयाली साटासाट तथा विविध कार्यक्रम सहित मनाउँदै छन् । (क्रिसमसको शुभ कामना - आइतबार, १० पुस, २०६८)

ग) दुई वर्षे कार्यकालका लागि संविधान सभाको निर्माचन सम्पन्न भएको मा चौथो पटक म्याद थप गरेर चार वर्षको अवधि गुज्रदै छ । (समयले खवरदारी गऱ्यो - आइतबार, २२ माघ, २०६८)

घ) संविधान सभाको थपिएको म्याद अबको चार महिनाभित्र समाप्त हुँदैछ । (नेपाली समाजको गरिबी र राजनीति - आइतबार, २९ माघ, २०६८)

**६.१.३ वाच्य**

वाच्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ । वाच्य ३ प्रकारका हुन्छन् । कर्ता मुख्य भई कर्ताकै लिङ्ग, वचन, पुरूष र आदर अनुसार रहेको क्रियापदको रूपलाई कर्तृवाच्य भनिन्छ भने कर्म मुख्य भई कर्म

अनुसारको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ । भाव प्रधान भई क्रियापदको रूपलाई भाव वाच्य भनिन्छ ।


अध्ययनका लागि नमुना छनौट गरिएको सम्पादकीयहरूमा कर्तृवाच्य र कर्मवाच्य प्रयोग भएका वाक्यहरू भेटिए । भाववाच्यको प्रयोग सम्पादकीयमा पाइन्न । कर्तृवाच्य र कर्मवाच्य मध्ये पनि कर्तृवाच्यको प्रयोग धेरै र कर्मवाच्यको प्रयोग भने कहीँ कहीँ मात्र रहेको छ । जसलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं. ८**

**वाच्य प्रकार सम्बन्धी विवरण**

| वाच्य प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कर्तृवाच्य | ३०८ | ९२.४५% |
| कर्मवाच्य | २५ | ७.५५ % |
| भाववाच्य | ० | - |
| **जम्मा** | **३३३** | **१०० %** |

जम्मा ३३३ वाक्यहरूमा मध्ये कर्तुवाच्य प्रयोग भएका ३०८ अर्थात् ९२.४५% कर्म वाच्यका वाक्यहरूको सङ्ख्या २५ वटा अर्थात् ७.५५% वाक्यहरू रहेको पाइयो । अध्ययन अनुसार भाववाच्य प्रयोग भएको वाक्यहरूको सङ्ख्या शुन्य रहेको छ । प्रस्तुत वाच्यहरूको प्रयोगको सङ्ख्यालाई वृत्त चित्रमा यसरी देखाउन सकिन्छ :




**कर्तृवाच्यका केही उदाहरणहरू**

क) केही स्थानमा स्थानीय निकायको विकास निर्माणका लागि विनियोजित रकम दलीय भागवण्डाका आधारमा बाँडचुँड गरी खाने प्रचलन विकराल रूपमा बढ्दै आएको थियो । (स्थानीय निकायमा अन्योल - आइतबार, २४ पुस, २०६८)

ख) ठूला तिन दल तथा मधेसी मोर्चाबिच साच बुँदे सहमति भए पछि शान्ति प्रक्रियामा देखिएको अर्थपूर्ण उदाहरणले पनि संविधान निर्माणको कार्य पूरा हुने विश्वास जगाएको छ । (संविधान निर्माण कार्य तालिका - आइतबार, १८ मङ्सिर, २०६८)

ग) लडाकु वर्गीकरणको काम सकिए पनि शान्ति प्रक्रियाले भने गति लिन सकेको छैन । (नयाँ वर्ष र मेलमिलाप नीति - आइतबार, १७ पुस, २०६८)

घ) २०५१ साल यताका प्रत्येक सरकारका अर्थ मन्त्रीले बजेट भाषणमा बेसी शहर चामे सडकलाई प्राथमिकता साथ बजेट छुट्याएको बताउँदै आएका छन् ।

ङ) २०६९ जेठ १४ गते थपिएको संविधान सभाको म्याद समाप्त हुने भएकाले समयले दलहरूलाई दिन गनेर खवरदारी गरेको छ । (समयले खबरदारी गऱ्यो - आइतबार, २२ माघ, २०६८)

माथिको उदाहरण १ मा कर्तालाई मुख्य आधार मानेर क्रियापदको प्रयोग भएको छ । आएको थियो क्रियापद कर्तालाई आधार मानेर प्रयोग भएको छ । यसै गरी उदाहरण २ मा जगाएको छ क्रिया र कर्ता ठूला तिन दलसँग अन्तरसम्बन्ध भएकोले यो वाच्य पनि कर्तृवाच्यको हो । यसरी माथि प्रस्तुत उदाहरण १, २, ३, ४ र ५ लाई कर्तृवाच्यको उदाहरणको रूपमा लिइएको छ ।

**कर्मवाच्यका केही उदाहरणहरू**

क) यस दिवसलाई लमजुङमा पनि मनाइँदै छ । (महिला हिंसा दिवस - आइतबार, ११ मङ्सिर, २०६८)

ख) दलका नेताबिच आपसमा समझदारी कायम हुन नसक्नु नै अन्ततोगत्वा यी शान्ति सुरक्षा र अमन चयनमा खलल उत्पादन हुनुको मुख्य कारण हो भनिन्छ । (अझै ठाउँ बाकी छ मुलुक सपार्ने - आइतबार, ३ पुस, २०६८)

ग) शान्ति प्रक्रियालाई सहकार्य र एकताका साथ लाग्न हौसला प्रदान गर्नेमा आशावादी सबैलाई सहमति, सहकार्य र एकताका साथ लाग्न हौसला प्रदान गर्नेमा आशावादी बन्न सकिन्छ । (क्रिसमसको शुभ कामना - आइतबार, १० पुस, २०६८)

घ) कुल ६५ कि.मी. दरी रहेको यो सडकको ६३ कि.मी. सडकको ट्र्याक खोल्ने काम सकिएको छ । (बेसी शहर चामे सडक - आइतबार, १५ माघ, २०६८)

ङ)	करिव आधा जतिलाई पेटमा नै मुक्का अथवा खुट्टाले हानिएको थियो । (महिला शान्ति र घरेलु हिंसा - आइतबार, २५ मङ्सिर, २०६८)

### ६.१.४ ध्रुवीयता

क्रियापदबाट निषेधात्मक अर्थ जनाउने व्याकरणात्मक युक्तिलाई अकरण र त्यस्तो निषेध नबुझाउनेलाई करण भनिन्छ (अधिकारी, २०६३:२३०) ।

ध्रुवीयताका दृष्टिले करण र अकरण यस्ता व्याकरणात्मक र अर्थतात्विक बनोट हुन्, जसले वाक्यको अर्थमा केही वा पूरै विरोध उत्पन्न गर्दछन् (शर्मा, २०५९:२५०) ।

सकारात्मक वा हो भन्ने अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ । वाक्यमा करण र अकरण मुख्यतः त्यसको समापक क्रियापदका आधारमा छुट्याइन्छ । प्रस्तुत अध्ययनका लागि नमुना छनौट भएका सम्पादकीयमा प्रयोग भएको ध्रुवीयताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत छ :


**तालिका नं. ९**

**ध्रुवीयता सम्बन्धी विवरण**

| ध्रुवीयता | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| करण | २८३ | ८४.९८ % |
| अकरण | ५० | १५.०२ % |
| **जम्मा** | **३३३** | **१०० %** |

माथि उल्लिखित तालिका अनुसार अध्ययनका लागि छनौट गरिएका सम्पादकीयमा २८३ अर्थात् ८४.९८ % वाक्यहरू सकारात्मक वा करण प्रयोग भएको पाइयो र ५० अर्थात् १५.०२ % वाक्यहरू अकरण रहेका छन् । जसको आधारमा भन्न सकिन्छ कि लमजुङ खबर दैनिकको सम्पादकीयमा अकरणको भन्दा करणको प्रयोग वढी भएको छ ।

सम्पादकीयमा रहेका ध्रुवीयताको प्रयोगलाई वृत्तचित्रमा देखाइएको छ ।




**करणका केही उदाहरणहरू**

क) प्रमुख राजनीतिक दलले संविधान लेखनका लागि शुक्रबार तेह्र बुँदे कार्य तालिका बनाई आघि बढ्न सहमति जनाएका छन् । (संविधान निर्माण कार्य तालिका - आइतबार, १८ मङ्सिर, २०६८)

ख) यसै उद्देश्यका साथ जनआन्दोलन - २ ले प्राप्त गरेका राजनीतिक उपलब्धिलाई संस्थागत गर्न संविधान सभाको निर्वाचन सम्पन्न भएको थियो । (नेपाली समाजको गरिवी र राजनीति - आइतबार, २९ माघ, २०६८)

ग) यस दिवसलाई लमजुङमा पनि मनाइदैछ । (महिला हिंसा दिवस - आइतबार, १९ मङ्सिर, २०६८)

घ) यो वा त्यो मात्र होइन जो सुकै नेता पनि आफूले आफैलाई मात्र ठूलो र महान ठान्ने प्रवृत्ति झन झन झ्याङ्गिदै गएको छ । (अझै ठाउँ बाँकी छ मुलुक सपार्ने - आइतबार, ३ पुस, २०६८)

ङ) संविधान सभाको थपिएको म्याद अबको चार महिनाभित्र समाप्त हुँदैछ । (नेपाली समाजको गरिबी र राजनीति - आइतबार, २९ माघ, २०६८)

**अकरणका केही उदाहरणहरू**

क) फिसफिसे पानी र तुँवालो हटेको छैन । (असिना पीडित किसानलाई राहत उपलब्ध गराउ - आइतबार, २० कार्तिक, २०६८)

ख) सयौं हजारौं नेपाली महिलाहरू अझै पनि घरेलु हिंसाले प्रताडित छन्, कतिपय अवस्थामा महिलाहरू घरमै सुरक्षित छैनन् । (महिला हिंसा दिवस - आइतबार, ११ मङ्सिर, २०६८)

ग)	आफू आफूबिचको यो जुँगाको लडाइले अन्ततोगत्वा राष्ट्रिय एकतामाथि नै खलल पैदा भएको कसैले पनि सोच्न सकेका छैनन् । (अझै ठाउँ बाँकी छ मुलुक सपार्ने - आइतबार, ३ पुस, २०६८)


घ)	चिनिया सरकारले नै उनको भ्रमण आन्तरिक कारणले रद्ध भएको भनी प्रस्टयाउने कोशिस गरेपनि यसको धेरैले विश्वास गरेनन् । (चिनीयाँ प्रधान मन्त्रीको भ्रमण - आइतबार, १ माघ, २०६८)

ङ)	स्थानीय उत्पादन अपर्याप्त रहेका कारण बाहिरबाट ल्याइएको महङ्गा तरकारी उपभोग गर्न बाध्य उपभोक्ताप्रति सम्बन्धित कुनै निकाय सचेत सजग तथा क्रियाशील नहुनुलाई कलङ्कको संज्ञा दिन अनकनाउनु पर्दैन । (अब तरकारी क्रान्ति आवश्यक - आइतबार, ४ मङ्सिर, २०६८)

## ६.२ वाक्य प्रकारका आधारमा विश्लेषण

वाक्य त्यस्तो भाषिक संरचना हो, जसमा एउटा कर्ता र एउटा क्रिया हुन्छ । यो पदावलीभन्दा माथिल्लो एकाइ हो । यसले एक विसिमको अवधारणा व्यक्त गर्दछ (अधिकारी, २०६३:२७०) ।

उद्देश्य र विधेय मिलेर रचना भएका स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ । बनोट वा संरचनाका आधारमा वाक्य सरल संयुक्त र मिश्र गरी ३ प्रकारका हुन्छन् ।




लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनमध्ये वाक्यको अध्ययन महत्त्वपूर्ण हुन्छ । सम्पादकीयमा लेखिने वाक्यहरू सकभर छोटा र सरल हुनु पर्छ । सरल वाक्यहरूको प्रयासले गर्दा पाठकहरू बढी आर्कषित हुने हुन्छन् । वाक्यहरू एकै सासमा पढी सकिने खालका हुनु उपयुक्त हुन्छ ।

अध्ययनका लागि छनौट गरिएका सम्पादकीयमा रहेका जम्मा ३३३ वटा वाक्यहरू मध्ये सरल वाक्य र त्यसपछि संयुक्त वाक्य र मिश्र वाक्य रहेका छन् । जसलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. १०**

**वाक्य प्रकार सम्बन्धी विवरण**

| वाक्य प्रकार | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | २५७ | ७७.१४ % |
| संयुक्त | ४८ | १४.११ % |
| मिश्र | २८ | ८.७५ % |
| **जम्मा** | **३३३** | **१०० %** |

माथिको तालिका अनुसार लमजुङ खबर दैनिकमा नमुना छनौटमा परेका सम्पादकीयका ३३३ वाक्यहरू मध्ये सरलवाक्य भन्दा जटिल वाक्यको प्रयोग बढी भएको देखिन्छ । अध्ययन अनुसार २५७ वाक्य अर्थात् ७७.१४% प्रतिशत सरल वाक्य, ४८ वाक्य अर्थात् १४.११% प्रतिशत संयुक्त र २८ वाक्य अर्थात् ८.७५% प्रतिशत मिश्र वाक्य रहेका छन् । सरल, संयुक्त र मिश्र वाक्यका उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**सरल वाक्य**

क) २०६९ जेठ १५ गते थपिएको संविधान सभाको म्याद समाप्त हुने भएकोले समयले दलहरूलाई दिन गनेर खवरदारी गरेको छ । (समयले खबरदारी गर्‍यो - आइतबार, २२ माघ, २०६८)

ख) लामो समयको प्रतिक्षापछि छिमेकी मुलुक चीनका प्रधानमन्त्री बेन जिआवाओले शनिबार छोटो समयको नेपाल भ्रमण गरेका छन् । (चिनीयाँ प्रधान मन्त्रीको भ्रमण - आइतबार, १ माघ, २०६८)

ग) सदरमुकाम लगायतका शहर बजारमा तरकारीको ठूलो माग भएपनि आम किसान यसबाट लाभान्वित हुन सकेका छैनन् । (अब तरकारी क्रान्ति आवश्यक - आइतबार, ४ मङ्सिर, २०६८)

घ) इसाई समुदायले आज क्रिसमस दिवस प्रार्थना, खुसीयाली साटासाट तथा विविध कार्यक्रम सहित भनाउँदै छन् । (क्रिसमसको शुभ कामना - आइतबार, १७ पुस, २०६८)

**मिश्र वाक्य**

क) माओवादीमा झनै चरम रूपमा अन्तर सङ्घर्ष चर्कंदै गएको छ भने काङ्ग्रेसको पनि हविगत उस्तै छ । (नयाँ वर्ष र मेलमिलाप नीति - आइतबार, १७ पुस, २०६८)

ख) जबसम्म समाज सुशिक्षित र संस्कारी बन्दैन तव सम्म यसको पूरै निवारण हुन भने गाह्रो छ । (महिला हिंसा दिवस - आइतबार, ११ मङ्सिर, २०६८)

ग) यशुको जन्मोत्सवको उपलक्ष्यमा क्रिस्चियन धर्मावलम्बीले आज प्रभु यशुले समस्त नेपालीको कल्याण गरून्, भन्ने हाम्रो पनि शुभ कामना रहेको छ । (क्रिसमसको शुभ कामना - आइतबार, १७ पुस, २०६८)

घ) एक साता अघि परेको असिना पानीका कारण लमजुङको विभिन्न स्थानमा लगाइएको ४ हजार रोपनी धानबाली नष्ट भै सकेको कृषि कार्यालयको तथ्याङ्क सुन्दा पनि किसानहरू कति चिन्तित होलान भनी सहजै अनुमान गर्न सकिन्छ । (असिना पीडित किसानलाई तत्काल राहत उपलब्ध गराऊ - आइतबार, २० कार्तिक, २०६८)

**संयुक्त वाक्य**

क) यसरी प्राथमिकताको विषयलाई छाडेर विदेश यात्रामा जाने नेताहरू कम्तीमा स्पष्टीकरणको भागिदार हुनै पर्छ किनभने पटक पटक डाकिएको समितिको बैठक कोरम नपुगेका कारण कुनै निर्णय गर्न सक्ने अवस्था भएन । (नेताहरूको विदेश शयर - आइतबार, २७ कार्तिक, २०६८)

ख) विगत केही वर्ष यता यसै वर्ष मनाङमा मोटर बाटो पुऱ्याउन आवश्यक बजेट विनियोजन गरेको अर्थ मन्त्रीहरूले बताउने गरेका छन् तर हरेक वर्ष यसै बित्ने गरेको छ । (बेसी शहर चामे सडक - आइतबार, १५ माघ, २०६८)

ग) अघिल्लो वर्ष झैं नयाँ संविधानको नाममा कुरा मिलेकोले नयाँ वर्षमा संविधान बन्नेमा आशावादी बन्न सकिन्छ किनकि सर्वोच्चले संविधान सभाको म्याद ६ महिना थप्न सकिने फैसला गरेपछि अव पुनः म्याद थप गर्न दलहरूलाई अप्ठेरो पर्ने भएको छ। (नयाँ वर्ष र मेल मिलाप नीति - आइतबार, १७ पुस, २०६८)

घ) बोर्डले देशभित्र ५० वटा ठूला परियोजनाको विचार विमर्श शुरू गरेको छ र लगानी समृद्धितर्फको मुहान भएकाले यसलाई शुभ सङ्केतको रूपमा धेरैले हेरेको हुनु पर्छ। (लगानी मैत्री वातावरण - आइतबार, ७ फागुन, २०६८)

# अध्याय : सात

## उपसंहार

प्रस्तुत शोधपत्रको उद्देश्य संरचना विषय वस्तु शैली, शीर्षक, वाक्य, शब्द भण्डार र वाक्य कोटिका आधारमा लमजुङ खबर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन रहेको छ । यस शोधमा नमुना छनौटमा परेका १६ वटा सम्पादकीयको एकैसाथ अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । तालिकाको नतिजालाई अझ, स्पष्ट पार्नको लागि कुनै कुनै ठाउँमा वृत्तचित्रद्वारा पनि प्रष्ट्याइएको छ । चौथो अध्यायमा सम्पादकीयको भाषाको व्याख्या विश्लेषण गरिएको छ भने यो अध्यायमा अध्ययनका निष्कर्ष र सुझावहरूलाई उल्लेख गरिएको छ ।

### ७.१ निष्कर्ष

क) सम्पादकीयको संरचनका आधारमा अध्ययन गर्दा लमजुङ खबर दैनिकका सम्पादकीयहरू १ देखि ३ अनुच्छेदसम्म संरचित भएको पाइएको छ । १ अनुच्छेदमा संरचित सम्पादकीय ७५ प्रतिशत, २ अनुच्छेदमा संरक्षित सम्पादकीय १८.७५ प्रतिशत, ३ अनुच्छेदमा संरचित सम्पादकीय ६.२५ प्रतिशत रहेका छन् ।

ख) अध्ययन गरिएका सम्पादकीयहरू विभिन्न ५ शैलीमा संरचित भएका छन् । जसमा अनुरोध शैली २ वटा, सूचना दिने शैलीमा ६ वटा, आलोचनात्मक शैलीमा २ वटा र भिन्नता देखाउने शैलीमा र सुझाव दिने शैलीमा ३/३ वटा सम्पादकीय लेखिएको छ ।

ग) सम्पादकीयका शीर्षकहरू २, ३, ४, ५ र ७ शब्दमा संरचित भएका पाइन्छन् । जसलाई दुई शब्दका १२.५% ३ शब्दका ५०%, ४ शब्दका ६.२५% शब्दका १८.७५% र ७ शब्दका १२.५% सम्पादकीयहरू रहेका छन् ।

घ) विषय वस्तु प्रयोगका दृष्टिले लमजुङ खबर दैनिकका सम्पादकीयहरू विभिन्न ५ क्षेत्रका विषयमा लेखिएको छ । जसमा सबैभन्दा बढी जानकारी, सन्देश र दृष्टिकोण सम्बन्धी रहेका छन् । नमुना छनौटमा परेका १६ वटा सम्पादकीयहरूमध्ये

राजनीतिमा ३ वटा, जानकारी ४ वटा, सतर्कमा १ वटा, सन्देशमा ४ वटा, दृष्टिकोणमा ४ वटा रहेको पाइयो ।

ङ) लमजुङ खबर दैनिकको सम्पादकीयमा प्रयुक्त ५७६० शब्दहरू मध्ये २९४५ अर्थात् ५१.१३ प्रतिशत शब्द व्युत्पन्न र २८१५ अर्थात ४८.८७ प्रतिशत शब्दहरू अव्युत्पन्न रहेका छन् । शब्द स्रोतको आधारमा सम्पादकीयमा सबैभन्दा धेरै तत्सम र त्यसपछि तद्भव र आगन्तुक रहेका छन् ।

च) सम्पादकीयमा भूत कालको तुलनामा अभूत कालको प्रयोग धेरै भएको देखिन्छ । अध्ययन अनुसार नमुना छनौटका ३३३ वाक्यहरूमा ९४.५७ प्रतिशत अभूत कालको प्रयोग देखिन्छ भने ५.४३ प्रतिशत भूत कालको प्रयोग देखिन्छ ।

छ) अध्ययन अनुसार लमजुङ खबर दैनिकको सम्पादकीयमा पूर्ण पक्षको प्रयोग सबैभन्दा धेरै रहेको छ भने त्यसपछि सामान्य पक्षको प्रयोग भएको पाइएको छ । कुल वाक्यहरू मध्ये ४०.७१ प्रतिशत वाक्यहरू सामान्य पक्षको रहेका छन् । नमुना छनौटमा परेका सम्पादकीयमा अपूर्ण पक्षको वाक्यहरू १.२०% प्रयोग भएको छ । कुल ३३३ वाक्यहरूमध्ये १७२ वटा अर्थात ५८.०९% प्रतिशत वाक्यहरू पूर्ण पक्षको रहेका छन् । सम्पादकीयमा अज्ञात पक्ष र अभ्यस्त पक्षको प्रयोग शून्य रहेको छ ।

ज) सम्पादकीयमा कर्तृवाच्यको प्रयोग बढी भएको छ । कुल ३३३ वाक्यहरू मध्ये ३०८ अथात ९२.४५ प्रतिशत वाक्यहरू कर्तृवाच्यका र २५ वाक्य अर्थात ७.५५ प्रतिशत वाक्यहरू कर्मवाच्यका रहेका छन् । सम्पादकीयमा भाव वाच्यको प्रयोग शून्य रहेको छ ।

झ) ध्रुवीयताको आधारमा सम्पादकीयको अध्ययन गर्दा अकरण वा नकरात्मक वाक्य भन्दा करण अर्थात सकारात्मक वाक्यको प्रयोग बढी भएको पाइयो । सम्पादकीयमा ८४.९८ प्रतिशत वाक्यहरू करण र १५.०२ प्रतिशत वाक्यहरू अकरण रहेका छन् ।

ञ) वाक्य प्रयोगका दृष्टिले लमजुङ खबर दैनिक पत्रिकामा जटिल वाक्यको तुलनामा सरल वाक्यको प्रयोग धेरै भएको छ । नमुना छनौटमा परेका कुल ३३३ वाक्यहरू मध्ये २५७ अर्थात् ७७.१४ प्रतिशत सरल वाक्य र ७६ अर्थात् २२.८६ प्रतिशत जटिल वाक्यहरू रहेका छन् । जटिल वाक्यहरू मध्ये पनि ४८ वटा वाक्यहरू संयुक्त र २८ वटा मिश्र वाक्यहरू रहेका छन् ।

## ७.२ सुझाव

क) अध्ययनमा सम्पादकीयहरू १ देखि ३ अनुच्छेदसम्म संरचित देखिन्छन् । सम्पादकीयहरू ३ देखि ४ अनुच्छेदमा संरचना गर्नु उपयुक्त मानिन्छ ।

ख) सम्पादकीयका अनुच्छेदमा धेरै वाक्यहरू प्रयोग भएको छ । एउटा अनुच्छेदमा ७ देखि १० वटा वाक्यहरू रहनु उपयुक्त मानिन्छ । तर अध्ययनमा २५ वटा वाक्यसम्म प्रयोग भएका छन् । जसलाई कम गर्न उपयुक्त हुन्छ ।

ग) सम्पादकीय लेख्दा आलोचनात्मक ढङ्गले लेखिनु हुँदैन ।

घ) सम्पादकीय सरल वाक्यमा लेखिनु राम्रो मानिन्छ । अध्ययनमा जटिल वाक्यको प्रयोग धेरै नै देखिएको छ । जसलाई कम गर्नुपर्ने देखिन्छ ।

ङ) असमापिका क्रिया प्रयोग गरी सरल वाक्य पनि लामा बनाइएका छन् । सरल वाक्य छोटा र सङ्क्षिप्त हुनु उपयुक्त हुन्छ ।

## ७.३ शैक्षणिक प्रयोजन

पत्र पत्रिकाको अध्यनले अनिवार्य रूपमा शैक्षिक जगतमा सकारात्मक प्रभाव पार्दछ । यसले शैक्षिक क्षेत्र व्याकरणिक ज्ञान, भाषागत शुद्धता सम्बन्धी ज्ञान, पत्रिकामा प्रयोग हुने भाषा सम्बन्धी ज्ञान दिने काम गर्दछ । यसले शिक्षक तथा विद्यार्थीलाई भाषा संयोजन गर्ने सिपको विकास, शब्द भण्डारको विकास, व्याकरणको ज्ञान आर्जनमा सहयोग पुऱ्याउँदछ । शैक्षिक क्षेत्रका अतिरिक्त यसले पाठ्यक्रम निर्माता, सम्पादक, अध्येता आदिलाई समेत सहयोग पुऱ्याएको छ । यस अनुसन्धानको शैक्षणिक प्रयोजनलाई निम्न बुँदाहरूको आधारमा स्पष्ट पार्न सकिन्छ ।

क) यसलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।

ख) यसले विद्यार्थीलाई भाषा संयोजन गरी लेख्न, शब्द भण्डार बढाउन र व्याकरणिक ज्ञान आर्जन गर्न सहयोग पुऱ्याउँदछ ।

ग) यसले शिक्षकलाई आधिकारिक पाठ्य सामग्रीको रूपमा प्रयोग गरी शिक्षण गर्न सहयोग पुऱ्याउँदछ ।

घ) विद्यार्थीमा बोध अभ्यास गराउनका लागि उपयोगी हुन्छ ।

ङ) विद्यार्थीलाई पत्र पत्रिकामा प्रयोग गरिने भाषा सम्बन्धी ज्ञान दिन्छ ।

च) पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रममा समाचार पत्र सम्बन्धी विषय वस्तु समेट्न सहयोग गर्दछ ।

छ) यसको निरन्तर अध्ययनले विद्यार्थीमा पढाइप्रति रुचि जगाउन सहयोग गर्दछ ।

## ७.४ भावी अनुसन्धानका शीर्षकहरू

क) सूचना पाटीमा प्रयुक्त भाषाको अध्ययन ।

ख) शिलालेखमा प्रयुक्त भाषाको अध्ययन ।

ग) खेलकुद समाचारमा प्रयुक्त भाषाको अध्ययन ।

घ) भित्ते लेखनमा प्रयुक्त भाषाको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, चन्द्र विशाल (२०६३), *आम सञ्चार र पत्रकारिता सिद्धान्त र प्रयोग,* चितवन : नारायण अधिकारी ।

अधिकारी, निर्मलमणि (२०६३), *आम सञ्चार र पत्रकारिता,* काठमाडौँ : प्रशान्ति प्रकाशन ।

अधिकारी, राम कुमार (२०६६), *प्रकाशन गृहका शैली पुस्तिकामा वर्ण विन्यासको स्थिति,* भानुश्री, आदिकवि भानुक्त क्याम्पस, तनहुँ ।

अधिकारी, हेमाङ्ग राज र बद्रीविशाल भट्टराई (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश (दो.सं.)* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कक्षपति, सावित्री, (२०४०), *विज्ञापनको नेपाली भाषा : एक अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

खनाल, श्रीराम (२०६४), *आम सञ्चार र पत्रकारिता,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, भेषराज (२०५७), *प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाको शीर्षकहरूको अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

ढकाल, सरोज (२०६२), *नेपाली अखबारमा आर्थिक समाचारको विषय वस्तु र क्षेत्र,* अप्रकाशित शोधपत्र, प्रदर्शनी मार्ग : रत्न राज्यलक्ष्मी क्याम्पस पत्रकारिता विभाग ।

ढुङ्गाना, गङ्गा (२०६६), *नेपाली दैनिक समाचारहरूमा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

देवकोटा, ग्रीष्म बहादुर (२०५९), *नेपाली छापाखाना  र पत्रपत्रिका,* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

नेपाल, शक्तिराज (२०६६), *नेपाली समाचार पत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

पन्थी, लक्ष्मीकान्त (२०३३), *नेपाली साहित्यका विकासमा गोरखा पत्रको योगदान सम्वत १९५९ देखि १९९१ सम्म,* अप्रकाशित शोधपत्र कीर्तिपुर, नेपाली केन्द्रीय विभाग ।

पुरोहित, अनिलकिशोर (१९९८), *आधुनिक समाचारपत्र प्रबन्धन,* दिल्ली : आदित्य पव्लिसर्स ।

बराल, पूर्णचन्द्र (२०६४), *नेपाली दैनिक समाचार पत्रहरूमा पाइएका वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, श्रीष (ई २००८), *एडभान्सड जर्नालिजम,* काठमाडौँ : वाङ्मय पब्लिकेसन एन्ड रिसर्च सेन्टर ।

भानावत, संजीव (ई १९९७), *सम्पादक कला,* जयपुर : युनिभर्सिटी पब्लिकेसन ।

मेहता, डी.एस. (इ. १७७९), *मास कम्युनिकेसन एन्ड जर्नालिजम्स इन इन्डिया,* मुम्बई : एलाइड पव्लिसर्स लिमिटेड ।

लामिछाने, कपिल र अन्य (२०५९), *पत्रकारिताको रूपरेखा,* (ते.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वस्ती, शरदचन्द्र (२०६२), *हाम्रो भाषा,* ललितपुर : हिमाल किताव प्रकाशन ।

शर्मा, ज्योत्सना (२०६७), *नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली भाषा विभाग ।

शर्मा, मोहनराज (२०५९), शब्द रचना र वर्ण विन्यास, काठमाडौँ, नवीन प्रकाशन ।